"बालअधिकार हाम्री सबैको सरोकारको विषय हो" र "बालबालिका राष्ट्रिय गौरव हुन्"

दोस्रो स्थापना दिवस तथा बार्षिक साधारण सभाको अवसरमा प्रकाशित

# बार्षिक प्रगती प्रतिवेदन-२०८०




CCR-Karnali
Collective Campaign for Child Rights

**बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश (CCR-Karnali)**
वीरेन्द्रनगर, सुर्खेत
फोन नं. : ०८३-५२०८०४, टोल फ्रि नं. : १८१०-५०-०००४
Email: cso@ccrkarnali.org.np| Web: www.ccrkarnali.org.np

# बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali)

## कार्यकारी समिति



अध्यक्ष
टीकाराम आचार्य
९८५८०५१५४६



उपाध्यक्ष
तुलाराम पाण्डे
९८४८३०१४६२



महासचिव
दीपक कुमार शाही
९८५८०२१००५



सचिव
विष्णु प्रसाद शर्मा
९८५८०२८२३६



कोषाध्यक्ष
गिता बोहोरा
९८४८१५७०५४



सदस्य
धनबहादुर गौतम
९८४८२७४८५०




सदस्य
रचना सुनार
९८५११११५६३



सदस्य
हजारी नेपाली बादी
९८४११५९८९८



सदस्य
राधा कुमारी शाही
९८४८००११६९



सदस्य
भुपेन्द्र प्रसाद कँडेल
९८४८०४१५३०



सदस्य
महेश हिताङ्ग
९८६६२०२५५०

## सचिवालय कर्मचारी



सचिवालय प्रमुख
टेकराज आचार्य
९८५८०५०७०४



प्रशासन तथा लेखा एशोसियट्स
सन्दिपा बुढा क्षेत्री
९८४४८१३४२४



कार्यालय सहयोगी
विशाल रोकाय
९७४२२१९५५५

"बालअधिकार हामी सबैको सरोकारको विषय हो" र "बालबालिका राष्ट्रिय गौरव हुन्"

**"विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका लगायत सबै बालबालिकाको आधारभुत आवश्यक्ता पुरा गरौं ।"**

दोस्रो स्थापना दिवस तथा बार्षिक साधारण सभाको अवसरमा प्रकाशित
बार्षिक प्रगती प्रतिवेदन २०८०

CCR-Karnali
Collective Campaign for Child Rights

**बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश**
**(CCR-Karnali)**

**वीरेन्द्रनगर, सुर्खेत**

फोन नं.: ०८३-५९०८०४, टोल फ्रि नं.: १८१०-५०-००००४

**Email: cso@ccrkarnali.org.np | Web: www.ccrkarnali.org.np**

**“बालअधिकार हामी सबैको सरोकारको विषय हो” र “बालबालिका राष्ट्रिय गौरव हुन्”**

# आ.व. २०७९/०८० को प्रगति तथा आर्थिक प्रतिवेदन
# आ.व. २०८०/०८१ को प्रस्तावित
# नीति, कार्यक्रम र बजेट


**प्रकाशक**

बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश
वीरेन्द्रनगर सुर्खेत

**सल्लाह एवम् सहयोग :**

श्री टीकाराम आचार्य,
अध्यक्ष,
बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश

**प्रकासन समिति :**

संयोजक : श्री विष्णु प्रसाद शर्मा
सदस्य : श्री गिता बोहोरा
सदस्य : श्री भुपेन्द्र कँडेल
सदस्य : श्री रचना सुनार
सदस्य सचिव : श्री टेकराज आचार्य

**सहयोग :**

श्री सन्दिपा बुढा क्षेत्री
श्री विशाल रोकाय

# प्राक्कथन

“**बाल अधिकार सबैको सरोकारको विषय हो**” भन्ने मान्यताका साथ कर्णाली प्रदेशमा कार्यरत स्वतन्त्र नागरिक समाज संस्थाहरूको अगुवाईमा बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali) को स्थापना भएको हो । बालबालिकाका लागि नेपाल सरकारले अंगिकार गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी, अभिसन्धी, कानुन, तथा प्रतिबद्धताहरूको सफल कार्यन्वयनका लागि सबै सरोकारावालाहरूको जवाफदेहीता, क्रियाशिलता, सहकार्य, पैरवी र अभियानहरूको आवश्यक्ता पर्दछ । सोही आवश्यक्ता अनुसार कर्णाली प्रदेशमा स्वतन्त्र नागरिक समाज संस्थाको रुपमा, सरकारको ध्यानाकर्षण, प्रमाणमा आधारित पैरवी, अभियान, क्षमता विकास, अध्ययन अनुसन्धान र अनुगमनका कार्यहरू यस संञ्जालबाट हुदै आएका छन् । बालबालिकामा लगानी बढाउनु प्रर्दछ भन्ने उद्देश्यबाट “**बालबालिका राष्ट्रिय गौरव हुन्**” भन्ने नारालाई समेत आत्मसाथ गरिएको छ ।

नेपालको संविधानले सबै बालबालिकाका लागि मौलिक हकका रुपमा व्यवस्था गरेका सबै अधिकारहरू उपभोग गर्ने बातावरणका लागि आफ्ना सदस्य संस्थाहरू, स्वयम्सेवक, कर्मचारी तथा अन्य सरोकारवालाहरूको क्षमता विकास, बालअधिकारको क्षेत्रमा अध्ययन अनुसन्धान, कानून बमोजिम बालअधिकारको कार्यन्वयनको अनुगमन, प्रमाणमा आधारित नीतिगन पैरवी तथा अभियान संचालनका लागि यस सञ्जालको भुमिका स्पष्ट गरिएको छ । यस सञ्जालमा ३१ वटा नागरिक समाज संस्थाहरूको आवद्धता रहेको छ भने, १५ वटा नीति तथा निर्देशिका, संस्थाको ३ वर्षे रणनीति योजना २०८० देखि २०८२, संस्थाको पैरवी रणनीति योजना २०८० देखि २०८२ तयार गरी कार्यान्वयनमा ल्याएको छ । सञ्जालको आफ्नो दिगो श्रोत नहुनु, अभियान तथा अन्य विभिन्न कार्यक्रमहरू संचालनको लागि सहयोगी संस्थाहरूसँग निर्भर रहनुपर्ने बाध्यता चुनौतिको रुपमा देखिएका छन् । तर पनि यी चुनौतिहरूको सामना गर्न, संस्थागत सुशासन कायम गर्दै संस्थागत मुल्यांकन र विकास योजना, संस्थागत रणनीतिक योजना आदीको सहयोगमा साझेदार संस्थाहरू, कर्णाली प्रदेश सरकार, स्थानीय तह संगको विश्वसनीयता बढ्दो छ ।

अन्तमा, यस सञ्जालले आफ्ना सदस्य संस्थाहरूको क्षमता विकास मार्फत, अध्ययन अनुसन्धान, प्रमाणमा आधारित पैरवी, अभियान र अनुगमन मार्फत घरपरिवार र राज्यलाई जवाफदेही बनाई सबै बालबालिकाको जिवनमा परिर्वतन ल्याउने उद्देश्यका साथ कर्णाली प्रदेश सरकार, प्रदेश सभा, स्थानीय तह, नीजि क्षेत्र, साझेदार संस्थाहरू, राजनीतिक दल, नागरिक समाजसँग साझेदारी र सहकार्य गर्दै दुई वर्ष पार गरि तेस्रो वर्षमा सक्रियताका साथ अगाडि बढेको छ । यस कार्यका लागि सञ्जालको तर्फबाट साझेदार संस्था सेभ द चिल्ड्रेन प्रति हार्दिक कृतज्ञ छौं साथै कर्णाली प्रेदश सरकार, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश बाल क्लव सञ्जाल, संस्थाको पदाधिकारी, सदस्य, कर्मचारी एवम् स्वयम्सेवक सबैमा हार्दिक धन्यबाद दिन चाहान्छौं । आगामी दिनमा हाम्रो संञ्जाल बालअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको अग्रणी संस्थाका रुपमा स्थापित गराउन, जवाफदेहीता, पार्दशिताका लागि यहाँहरू माझ प्रतिबद्धता व्यक्त गर्न चाहान्छौं ।

धन्यबाद ।

जय बालबालिका ! जय सिसिआर कर्णाली !!

२०८० असोज ९ मंगलबार

# Abbreviations

| | |
|---|---|
| आ.व. | : आर्थिक वर्ष |
| क्र.सं. | : क्रम संख्या |
| BTC | : Brahamin, Thakuri and Chhetri |
| CACMA | : Collective Campaign Against Child Marriage |
| CCR-Karnali | : Collective Campaign for Child Rights |
| CRM | : Complaint Response Mechanism |
| DEC | : Disable Empowerment Center |
| EC | : Everest Club (EC) Dailekh |
| FEDO | : Feminist Dalit Organization |
| FY | : Fiscal year |
| GEDSI | : Gender Equality Diversity and Social Inclusion |
| IDEA-Nepal | : Investment for the Development Empowerment and Awareness. |
| KADAM | : Karnali Alliance for Dignified Menstruation Management |
| KIRDARC | : Karnali Integrated Rural Development and Research Center |
| No. | : Number |
| RM | : Rural Municipality |
| RSDC | : Rukumeli Samaj Development Center |
| SAC | : Social Awareness Center |
| UNICEF | : United Nations Children's Emergency Fund |
| USAID | : United States Agency for Internation Development. |
| WAM | : Women's Association for Marginalized Women |

# विषय सूची


| खण्ड | शीर्षक | पेज नं. |
| --- | --- | --- |
| खण्ड-क : | बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश (CCR-Karnali) को परिचय | १-५ |
| खण्ड-ख : | संस्थाद्वारा साधारण सभामा प्रस्तुत प्रगति प्रतिवेदन (आ.व. २०७९/०८०) | ६-१७ |
| खण्ड-ग : | संस्थाद्वारा साधारण सभामा प्रस्तुत आर्थिक प्रदिवेदन (आ.व. २०७९/०८०) | १८-२० |
| खण्ड-घ : | संस्थाद्वारा आ.व.२०८०/०८१ का लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेट | २१-२२ |
| खण्ड-ङ : | लेख रचना तथा खोज अनुसन्धान | २३-२६ |
| खण्ड-च : | सफलताका कथाहरू | २७-३२ |
| खण्ड-छ : | मिडिया कभरेज | ३३-३५ |
| खण्ड-छ : | शुभकामना | ३६-३७ |
| | नोट | ३८-४२ |

# बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशको
## बाल संरक्षण नीति, २०७८

बालबालिका सम्बन्धी संयुक्त राष्ट्रसंघ महासन्धी १९८९ को धारा-१९, बालसंरक्षण सम्बन्धी विश्वव्यापी सिद्धान्तलाई आधार मान्दै बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशले बालअधिकार हनन् र बालश्रम शोषणको विरुद्धमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशका पदाधिकारी, सदस्य, स्वयम्सेवी र कर्मचारीको सम्पर्कमा आउने बालबालिकाको सुरक्षा तथा संरक्षण गर्ने दायित्वप्रति संवेदनशील हुँदै आफ्ना हरेक कार्यक्रमहरुलाई अगाडी बढाउँदछ। बालबालिका भन्नाले यस नीतिले १८ वर्ष उमेर पूरा नगरेकालाई बुझाउँदछ ।

**बालबालिकाहरूप्रति कहिल्यै गर्न नहुने कार्यहरूः**

१. बालबालिकालाई पिट्ने वा शारिरीक रूपमा आक्रमण वा शारिरीक दुर्व्यवहार गर्ने ।
२. १८ वर्ष भन्दा कम उमेरको कसैसँग पनि, शारिरीक रूपमा परिपक्वता र सहमति भएपनि, कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न हुने वा यौन सम्पर्क राख्ने ।
३. बालबालिकासँग कुनै पनि प्रकारको शोषणजन्य वा दुर्व्यवहार ठहर हुन सक्ने सम्बन्धको विकास र व्यवहार गर्ने ।
४. कुनै प्रकारको दुर्व्यवहार ठहर हुन सक्ने खालको क्रियाकलाप वा बच्चालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने क्रियाकलाप गर्ने, गराउने ।
५. अनुपयुक्त, नसुहाउने वा दुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाव वा सल्लाह दिने ।
६. अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार गर्ने ।
७. विशेष परिस्थिति र सम्बन्धित लाइन मेनेजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रमसँग सम्बन्धित बच्चा/बालबालिकासँग घरमा वा कुनै पनि स्थानमा रात बिताउने ।
८. कार्यक्रमसँग सम्बन्धित बालबालिका सँग एउटै ओछ्यानमा सुत्ने ।
९. विशेष परिस्थिति र सम्बन्धित लाइन सुपरभाईजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रमसँग सम्बन्धित बालबालिका सँग एउटै कोठामा सुत्ने ।
१०. बालबालिकाले आफै गर्न सक्ने व्यक्तिगत प्रकृतिका कामहरू पनि आफै गर्ने ।
११. बालबालिकाको कुनैपनि गैरकानूनी, असुरक्षित वा दुर्व्यवहार जन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिने ।
१२. कुनैपनि क्रियाकलाप जसले बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउने वा अन्य कुनै संवेगात्मक दुर्व्ययवहार हुने खालका क्रियाकलाप गर्ने ।
१३. कुनै पनि बालबालिका प्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुट्याउने गरि कुनै खास बालबालिकालाई बढी सहयोग गर्ने ।
१४. अरू भन्दा टाढा बालबालिका सँग अनावश्यक रूपमा धेरै समय बिताउने ।
१५. अनुचित व्यवहारको आरोप आउने जोखिमपूर्ण परिस्थितिमा आफूलाई पार्ने ।

यो सुचि आफैंमापूर्ण होइन । कर्मचारी, विकास साझेदारहरू र अन्य प्रतिनिधिहरूले जहिले पनि त्यस्ता क्रियाकलाप वा व्यवहारबाट टाढा रहनुपर्छ जुन व्यवहार गलत रूपमा प्रतिविम्बित हुने, निम्न स्तरको ठानिने वा सम्भावित रूपमा दुर्व्यवहारजन्य प्रकारको हुन सक्छ ।

माथि उल्लेखित नितिलाई पूर्ण रुपमा पालना गर्नेछु ।

नाम :                    पद :

मिति :                   हस्ताक्षर :

## खण्ड : क

# बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali) को परिचय

**१. पृष्ठभूमी :**

बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश (CCR-Karnali) "**बालअधिकारः हामी सबैको सरोकार**" र "**बालबालिका राष्ट्रिय गौरव हुन्**" भन्ने नाराको मर्म अनुसार कर्णाली प्रदेशलाई आधारमानी बाल अधिकारको संरक्षण र प्रवर्द्धनमा काम गर्ने नागरिक समाज संस्थाहरूको सञ्जाल हो । यस सञ्जालमा ३१ वटा नागरिक समाज संस्थाहरूले बाल अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान दिन तत्परता र बालबालिकाको जिवनमा सकारात्मक परिर्वतन ल्याउन ऐक्यवद्धता जनाएका छन् । यस सञ्जालले तिनै तहका सरकारहरू र विकास साझेदार संस्थाहरू, निजी क्षेत्र, प्रदेश क्लव सञ्जाल र सरोकारवालाहरूसँग समन्वय, सहकार्य र साझेदारी मार्फत प्रदेश स्तरको सचिवालयको कार्यालयबाट कर्णाली प्रदेशमा आफ्ना सदस्य संस्थाहरू मार्फत पैरवी, अभियान, क्षमता विकास र अध्ययन अनुसन्धान मार्फत योगदान दिदै आएको छ ।

बाल अधिकारको लागि साझा अभियानले स्थापनाकाल देखि नै बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी सरकारी क्षेत्रका कर्तव्यपालकहरूलाई जवाफदेही बनाउन प्रमाणमा आधारित पैरवी अभियानहरू संचालन गर्दै आएको छ । आउने दिनमा समेत नेपाल सरकारले बालबालिकाको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता, नेपालको संविधानले प्रदान गरेको हक अधिकारको सुनिश्चितताको लागि अग्रणी भूमिका निर्वाह गर्ने लक्ष्य लिएको छ ।

**संस्थाको संक्षिप्त परिचय :**

| संस्थागत दर्ता र आवद्धताको विवरण | |
|---|---|
| दर्ता नम्बर, दर्ता मिति र दर्ता भएको कार्यालय | दर्ता नं. १०५८<br>दर्ता मिति : २३ कार्तिक २०७८<br>(जिल्ला पशासन कार्यालय, सुर्खेत) |
| स्थायी लेखा नम्वर, मिति र पाना नं. जारी गर्ने कार्यालय | पाना नं. ६१७४५७७६९<br>दर्ता मिति : ०८ पौष २०७८<br>(आन्तरिक राजश्व कार्यालय, सुर्खेत) |
| आबद्धता नम्वर, मिति र आबद्धता भएको कार्यालय | आबद्धता नम्वर : ५३७३५<br>आबद्धता मिति : १३ बैशाख २०७९<br>(समाज कल्याण परिषद् काठमान्डौं) |

| लैगिंकता अनुसार संस्थागत जनशक्तिको विवरण : | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | पुरुष | महिला | जम्मा | दलित | जनजाती | अन्य | अपाङ्गता भएका व्यक्ती |
| कार्यसमिति | ७ | ४ | ११ | ४ | ० | ७ | १ |
| कर्मचारी | २ | १ | ३ | ० | १ | २ | ० |
| स्वयम्सेवक | १ | १ | २ | ० | १ | १ | ० |
| जम्मा जनशक्तीहरू | १० | ६ | १६ | ४ | २ | १० | १ |
| जम्मा प्रतिशतमा | ६२% | ३७% | १००% | २५% | १२% | ६२% | ६% |

**२. संस्थाको दृष्टिकोण (Vision) :**

सबैका लागि "बालअधिकार हामी सबैको सरोकारको विषय हो" र "बालबालिका राष्ट्रिय गौरव हुन्" भन्ने मान्यता स्थापित गरि सम्पुर्ण बालबालिकाहरूको जिवनमा सुधार ल्याउने ।

**३. संस्थाको ध्येय (Mission) :**

बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali) मा आबद्ध सदस्य संस्थाहरू र सरोकारवालाहरूलाई बालअधिकार सम्बन्धि क्षमता विकास, अध्ययन अनुसन्धान, नीतिगत पैरवी, अभियान र अनुगमन मार्फत बालबालिकाको जिवनमा सुधार ल्याउने ।

**४. संस्थाको लक्ष्य (Goal) :**

सबै बालबालिकाहरूले पूर्णरुपमा बालअधिकार प्रयोग गरि आफ्नो क्षमता विकास मार्फत न्यायपूर्ण, समतामुलक र समावेशी समाज निर्माणमा योगदान दिन सक्षम हुनेछन् ।

**५. संस्थाको उद्देश्यहरू (Objectives) :**

१. बालबालिकाको क्षेत्रमा कार्यरत नागरिक समाज संस्थाहरू, प्रदेश सरकार तथा स्थानीय सरकार हरूका काम कार्यवाहीमा एकरुपता कायम गर्ने, असल अभ्यास र सिकाईको आदानप्रदान गर्ने तथा दोहोरोपना हटाउन सहजीकरण गर्ने ।

२. बाल बचाउ, संरक्षण, विकास र सहभागिताका क्षेत्रमा बालबालिकाको अवस्था झल्किने विभिन्न अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र विश्लेषण गरी आवश्यक योजना निमार्णका लागि भरपर्दो तथ्याङ्क प्रणाली स्थापना गर्न आवश्यक पैरवी गर्ने ।

३. बालबालिका सम्बन्धि नेपाल सरकारले तयार गरेका विद्यमान ऐन, कानून, नियमावलीको कार्यान्वयन गर्न, आवश्यकता अनुसार संशोधन गर्न एवम् नयां कानूनहरू निर्माण गर्नका लागि प्रदेश तथा स्थानीय सरकारसंग आवश्यक समन्वय, सहकार्य तथा वकालत गर्ने ।

४. बालबालिकाको सर्वोत्तम हित, बाल सहभागीता, दीर्घ जीवन र विकासका लागि नीतिगत तथा कार्यक्रम व्यवस्थाका लागि सम्बन्धित निकायहरूसंग साझेदारी गर्ने ।

५. बाल अधिकारको क्षेत्रमा भएका अन्तराष्ट्रिय, राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय कानूनहरूको प्रभावकारी कार्यन्वयनका लागि व्यापक रुपमा प्रचारप्रसार गर्ने ।

६. कर्णाली प्रदेश र प्रदेश अर्न्तगतका स्थानीय सरकारलाई बालअधिकारका आधारभूत सिद्धान्त अनुसरण गरी बालबालिका सम्बन्धि आवधिक योजना, बाल संवेदनशील बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रभाव मूल्याङ्कनगर्न आवश्यक सहजिकरण एवम् वकालत गर्ने ।

७. बालबालिकाहरू सम्वन्धी प्रमुख समस्याहरू खासगरी बालविवाह, बालहिंसा, बालश्रम, विद्यालय बाहिर रहने अवस्था, कुपोषण, अपाङ्गता, लैङ्गिक विभेद जस्ता सवालहरूको सम्वोधनका लागि सवालगत रणनीति निर्माण गरी कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय सरकार एवम् अन्य सरोकारवालाहरूसंग आवश्यक सहकार्य एवम् वकालत गर्ने ।

८. बालबालिकाहरूको अवस्थामा सुधार ल्याउन तथा सबै तहका सरकारलाई बालअधिकारको सम्मान, संरक्षण र परिपूर्तिमा जवाफदेही बनाउन नागरिक समाज संस्थाहरू एवम् सञ्जालहरू बाट पेश गरिने मानवअधिकारको विश्वव्यापी आवधिक समिक्षा प्रतिवेदन र संयुक्त राष्ट्र संघीय बालअधिकार समितिमा पेश हुने आवधिक प्रतिवेदन निर्माण प्रक्रियामा राष्ट्रियस्तरका अन्य सञ्जालसंग समन्वय र सहकार्य गर्ने ।

**६. संस्थाको विषयगत कार्यक्षेत्रहरू :**


१. सदस्य संस्थाहरू र सरोकारवालाहरूको क्षमता विकास ।

२. नीतिगत र प्रमाणमा आधारित पैरवी अभियान सञ्चालन ।

३. अध्ययन, अनुसन्धान र अनुगमन ।

४. ऐक्यवद्धता र जवाफदेहीता अभिबृद्धि ।

**७. संस्थाको अर्गानोग्राम :**



## ८. बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशले समन्वय र सहयोग साझेदार गर्न सक्ने सरोकारवाला निकायहरू र अपक्षित उपलब्धीहरू :

| क्र. सं. | सरोकारवाला | अपेक्षा तथा सहयोग आदान प्रदान | अपेक्षित उपलब्धी |
|---|---|---|---|
| १ | अभियानमा आवद्ध संस्थाहरू | • सञ्जालले संचालन गर्ने अभियानमा समन्वय र सहकार्य<br>• विषयगत विज्ञताको उपलब्धता<br>• प्रदेश, जिल्ला तथा स्थानिय तहमा समन्वय र सहजिकरण | • अभियानले अपेक्षा गरेको उदेश्य प्राप्ति गर्न सामुहिक प्रयास<br>• संस्थागत विकास र सिकाईका लागी<br>• छिटो छरितो मितव्ययी र प्रभावकारी कार्यान्वयनका लागि |
| २ | सञ्जालमा आवद्ध हुन चाहिने संस्थाहरू | • सञ्जालमा आवद्ध भई अभियानमा समन्वय र सहकार्य गर्ने<br>• बालअधिकारको क्षेत्रमा भएको विषयगत विज्ञताको आदान प्रदान गर्ने | • संस्थागत पहिचान र अभियानमा अर्थपूर्ण सहभागिताका लागि<br>• बालअधिकारको अभियानलाई पुर्णता दिन |
| ३ | सरकार (प्रदेश, स्थानीय) | • नीति, कार्यक्रम, संरचना र सहकार्य विज्ञता र स्रोतमा सहकार्य | • बालअधिकारको सुनिश्चितता<br>• अभियानको प्रभावकारी कार्यान्वयन |
| ४ | विकासका साझेदार संस्थाहरू | • स्रोत र विज्ञता<br>• सञ्जालको क्षमता विकास<br>• सवालको व्यापकीकरण<br>• लक्षित समुदायको सवाल सम्बोधन क्रियाशिलता | • अभियानको प्रभावकारी कार्यान्वयन<br>• अभियानलाई सशक्त बनाई निर्धारित उद्देश्य हासिल गर्न<br>• सवालहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रियकरण गरी ऐक्यवद्धता लागि<br>• साझा सवालको उचित सम्बोधन |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग र युनिसेफ | • सवालहरूमा ऐक्यवद्धता र समानुभूति<br>• बालअधिकारका सवाललाई संयुक्त राष्ट्र संघमा उठाउन | • साझा सवालको उचित सम्बोधनका लागी<br>• अन्तराष्ट्रियकरण गरी नेपाल सरकारलाई जवाफदेही बनाउन |
| ६ | विद्यालय परिवार | • बालमैत्री र संरक्षित वातावरणको व्यवस्थापन<br>• बालअधिकारको व्यापकता तथा बाल क्लवको क्षमता विकास<br>• वि.व्य.स. र शि.अ.स. मा बालबालिकाको सहभागिता<br>• विज्ञत्ता र स्रोतमा सहकार्य | • बालबालिकाको गुणस्तिरिय शिक्षाका लागि<br>• नेतृत्व विकास तथा बालअधिकारको व्यापकता<br>• अर्थपूर्ण सहभागिताको सुनिश्चितता<br>• अभियानको प्रभावकारी कार्यान्वयन |

| क्र. सं. | सरोकारवाला | अपेक्षा तथा सहयोग आदान प्रदान | अपेक्षित उपलब्धी |
|---|---|---|---|
| ७ | बालबालिका, बाल क्लव र बाल सञ्जाल | • बालबालिकाका सवालहरूको पहिचान<br>• सवालहरूको सम्बोधनमा बालबालिकाको नेतृत्व<br>• क्षमता विकास र नीतिगत पैरवी<br>• स्रोत र विज्ञता | • वास्तविक सवालको पहिचान गरी उचित सम्बोधन गर्न<br>• बालबालिकाको सवाललाई प्रथामिकतामा पार्न र अधिकारलाई अर्थपुर्ण सहभागिता<br>• बालबालिकाहरूलाई साझेदार हिस्सेदार र अधिकार वाहक बनाउन, अभियानको प्रभावकारि कार्यान्वयन गर्न<br>• जसको सवाल उसैको नेतृत्व भन्ने नाराको मर्म अनुसार बालबालिकाहरुको नेतृत्वमा बाल लक्षित कृयाकलापहरु संचालन गर्ने |
| ८ | मानव अधिकार सम्बन्धि सञ्जाल र फेडेरेशन | • सवालहरूमा ऐक्यवद्धता र समानुभुति | • बालअधिकारको साझा सवालको उचित सम्बोधनका लागी |
| ९ | प्रमुख राजनैतिक दलहरू | • बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको सवलीकरण<br>• बालअधिकारको सम्मान, संरक्षण र परिपुरण अझ जवाफदेही बनाउन<br>• बालबालिकामा लगानी बृद्धिका लागि पैरवी र सहकार्य | • नीतिगत सम्वाद, छलफल, अर्न्तक्रिया र पैरवी बैठक<br>• प्रमाणमा आधारित मागदावी<br>• सवाद, छलफल, अर्न्तक्रिया र पैरवी बैठक<br>• बालअधिकारका लागि ऐक्यवद्धता र प्रतिवद्धता |
| १० | सञ्चार माध्यम र पत्रकारहरू | • बालअधिकारका मुद्दामा अझ संबेदनशिल भई प्राथमिकीकरणका लागि बालअधिकारका सवाललाई प्रकाशन प्रसारण तथा फलोअप गर्ने<br>• संयुक्त अवलोकन भ्रमण गर्ने | • बालअधिकारका मुद्दामा संवेदनशिल बनाउन<br>• बालअधिकारका मुद्दामा सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गराउन तथा दवाव सिर्जना गर्न तथ्यमा आधारित पैरवी गर्न<br>• संचारकर्मीहरुको नक्साङ्कन गर्ने र परिचालन गर्ने |

खण्ड : ख

# बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali) को तर्फबाट साधारणसभामा प्रस्तुत प्रगति प्रतिवेदन आ.व. २०७९/०८०

**CCR-Karnali को परिचय, कार्यक्षेत्र र लक्षित वर्ग :**


कर्णाली प्रदेश नेपालको मानव सुचकांक अनुसार अन्य प्रदेश भन्दा पछी परेको प्रदेश हो । यस प्रदेशमा बालअधिकारको लागि स्वतन्त्र रुपमा स्थापना भएका केही सक्रिय नागरिक समाज संस्थाहरूको अग्रसरतामा वि.स. २०७६ भाद्र २ र ३ गते लुज फोरमको रुपमा संगठित यस सञ्जालले वि.स. २०७८ असोज ९ गते विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा दर्ता भई तीनै तहका सरकारहरूसँगको समन्वय र साझेदारी मार्फत बालअधिकारको संरक्षण र प्रवर्द्धनमा पैरवी, अभियान, क्षमता विकास तथा अध्ययन अनुसन्धानका क्रियाकलापहरू संचालन गर्दै आएको छ ।

कोभिड १९ को प्रकोप तथा लकडाउनका कारण विद्यालयहरू बन्द हुँदा बालबालिकाहरूको बैकल्पीक सिकाई मार्फत पढ्न पाउने अधिकारको सुनिश्चितताका लागि स्थानीय तथा प्रदेश सरकार, सरोकारवालाको ध्यानाकर्षण, क्षमता विकास र पैरवी अभियानका कार्यक्रमहरू मार्फत रेडियो शिक्षा, टोल शिक्षा लगायतको कार्यक्रमहरू संचालन गरेको अनुभव यस सञ्जालले संगालेको छ । कर्णाली प्रदेश सरकारका माननीयहरू, प्रदेश सभाका विषयगत समितिहरू, मन्त्रालय, विभाग र अन्य स्थानीय तथा प्रादेशिक कार्यालयका कर्तव्य पालकहरू, राजनीतिज्ञ, पत्रकार, नागरिक समाजका प्रतिनिधिहरूलाई बाल अधिकार सम्बन्धि तेस्रो इच्छाधिन आलेख, बाल श्रम, लैगिंक तथा यौनीक अल्पसंख्यक समुदाय र उक्त समुदायका बालबालिकाको अधिकार, अपांगता भएका बालबालिकाको अधिकार विषयमा क्षमता विकास, राजनीतिक दलहरूलाई निर्वाचन लक्षित विभिन्न गतिविधिहरूमा बालबालिकाको प्रयोगमा निषेध गर्ने, स्थानीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रममा बालबालिका लक्षित कार्यक्रम र बजेट विनियोजनमा अभियानमुखी कार्यक्रमहरू संचालन गरेको छ । यस सञ्जालले कर्णाली प्रदेश सरकारको सुरक्षित विद्यालय रणनीतिक योजना २०८० देखि २०८४ निर्माणमा अग्रणी भूमिका निर्वाह गरेको छ ।

विशेष संरक्षणमा रहेका, विपन्न वर्ग, जोखिममा रहेका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत अपांगता भएका बालबालिकाहरूको अधिकारका लागि अभिभावक, सरकार र सरोकारवालाहरू संग क्षमता विकास, नीति र प्रमाणमा आधारित पैरवी अभियान सञ्चालन, अध्ययन अनुसन्धान तथा अनुगमन गर्ने र बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि ऐक्यवद्धता र जवाफदेहीता अभिबृद्धि गर्ने कार्यहरूमा केन्द्रित यस सञ्जालले संस्थागत सुशासनलाई पारदर्शी र जवाफदेहीतामा केन्द्रित गरेको छ ।

बाल अधिकार उलंघन तथा हनन्का घटनाहरूमा यस सञ्जालले प्रेस विज्ञप्ती, ध्यानाकर्षण पत्र मार्फत तीनै तहका सरकारहरूलाई जवाफदेही हुन र बाल अधिकारको संरक्षण र प्रवर्द्धनमा जिम्मेवार हुन अभिभावकीय भुमिका निर्वाह गर्न, स्थलगत घटना अध्ययन, अनुगमनका लागि समन्वय, साझेदारी र पैरवी अभियानहरू निरन्तर रुपमा कर्णाली प्रदेश अर्न्तगतका १० वटा जिल्ला र ७९ वटा पालिका संग समन्वय र सम्पर्क गर्दै आएको छ ।

## परिर्वतनको सिद्धान्त (Theory of Change)




माथीको डायग्राम चित्रलाई हेर्दा, कर्णाली प्रदेशमा बालबालिकाका सवालहरूको पहिचान गर्ने, प्रथामिकीकरण गर्ने, प्रमाणमा आधारित बहस, पैरवी गर्ने र सरोकारवाला लगायत बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशमा आवद्ध सदस्य संस्थाहरूको क्षमता विकास गर्ने, सरकार र कर्तव्यपालकहरूसँगको समन्वय र सहकार्य तथा पैरवी अभियानका क्रियाकलपहरू संचालन गरि जोखिममा रहेका विपन्न परिवार, लैगिंक तथा यौनिक समुदाय, अपाङ्गता भएका लगायत सबै बालबालिकाको जिवनमा सुधार ल्याउने यस सञ्जालको परिर्वतनको सिद्धान्त Theory of Change हो ।

## मुल्य मान्यताहरू (Values and Norms)

जोखिममा रहेका, विपन्न समुदायका, अपांगता भएका, लैगिंक तथा यौनिक अल्पसंख्यक बालबालिकाहरूको हक र अधिकारका लागि तलको मुल्यमान्यताहरूलाई अवलम्वन गरिएको छ ।



**रणनीतिक लक्ष्यहरू :**

सञ्जालको ३ वर्षे रणनीतिक योजना २०८० देखि २०८२ अनुसार रणनीतिक लक्ष्यहरूको समिक्षा :

| क्र.सं. | लक्ष्य | प्रगति | प्रगतिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | बालबालिकाको सुरक्षित र गुणस्तरीय जीवनको सुनिश्चित्ता भएको हुनेछ । | १ | ▪ कर्णाली प्रदेशमा बालबालिकाको संख्या ६,७७,०४८ जना बालबालिकाहरू रहेका छन् र उनीहरूको गुणस्तरिय जीवन भनेको बाल अधिकारका ४ वटा पक्षहरू बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागीताको अधिकारको पुर्ण प्रयोगको सुनिश्चितता हुनु हो ।<br>▪ बाल अधिकारका लागि साझा अभियानले यस लक्ष्य प्राप्तीमा प्रदेश बाल क्लव गठन, परिचालन र क्षमता विकास गरेको छ । जसमा २१ जना बालबालिकाहरूको सहभागीता रहेको छ ।<br>▪ गुणस्तरीय जिवनको सुनिश्चितताको मापन गर्न गाह्रो छ । आउने दिनमा विभिन्न सुचक निर्धारण गरेर सो अनुसारको प्रगति विवरण उल्लेख गरिनेछ । |
| २ | जोखिमपूर्ण अवस्थाबाट सबै बालबालिकाहरूलाई संरक्षण गरी गराई कर्णाली प्रदेशमा बालअधिकारको सुनिश्चित्ता भएको हुनेछ । | १ | ▪ कर्णाली प्रदेशमा जोखिममा रहेका राउटे गाइने, राजी, माझी लगायत दलित र यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायका बालबालिकाहरू, बाढी पहिरो प्रभावित परिवारका बालबालिकाहरू, उपल्लो डोल्पा र हुम्ला जिल्लाका बालबालिकाहरू, लागु औषध दुव्यर्सनीमा रहेका बालबालिकाहरू नै जोखिमपूर्ण कार्यमा संलग्न रहेका छन् । यसैगरि काम गर्न घरपरिवारसँग भारत जाने प्रथा, अभिभावकहरू धनकमाउन भारत जाने र बृद्धहरूको भरमा वा घरमुली बालबालिकाहरू बनाई वयस्क अभिभावकहरू घरबाहिर जाने कारणले बालबालिकाहरू जोखिममा रहेका छन् ।<br>▪ कर्णाली प्रदेशका ३ वटा जिल्ला सुर्खेत, दैलेख र कालिकोट जिल्लामा मात्र बाल हेल्पलाईन संचालनमा रहेको छ । अन्यमा विस्तार गर्न आवश्यक छ ।<br>▪ बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशले कर्णाली प्रदेशका १० वटै जिल्लामा बाल हेल्पलाईन संचालन गर्नको लागि पैरवी अभियान संचालन गर्ने गरेको छ । |

| क्र.सं. | लक्ष्य | प्रगति | प्रगतिको विस्तृतीकरण |
|---|---|---|---|
| ३ | कर्णालीका बालबालिकाहरूमा पोषणयुक्त खानपानमा पहुँचको सुनिश्चितता भएको हुनेछ । | २ | ▪ "बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी" भन्ने मुल नाराका साथ ५९ राष्ट्रिय बाल दिवस भव्य रुपमा बालबालिकासँग मुख्य मन्त्री कार्यक्रम संचालन गरियो । २०१ जना बालबालिका तथा अभिभावकहरूले सो कार्यक्रममा बालबालिका र कर्णाली प्रदेश सरकार विच प्रश्नउत्तर तथा साक्षत्कार अर्न्तक्रिया मार्फत जानकारी प्राप्त गरे ।<br>▪ कर्णाली प्रदेश सरकारको बजेट विश्लेषण गरि बालबालिकाको क्षेत्रमा पोषण सुधार, गुणस्तरीय शिक्षा, लगायत अर्गानिक कर्णाली बनाउने प्रदेश सरकारको घोषणलाई व्यापक गरिएको छ ।<br>▪ कर्णाली प्रदेश सरकारको आ.व. २०८०/०८१ को रातो कितावमा रहेको बाल बालिका लक्षित कार्यक्रमहरूको नक्सांकन गरि बाल क्लव तथा सञ्जालहरूमा समन्वय र सहकार्यका लागि प्रदान गरियो । |
| ४ | विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरू सामाजिक संरक्षण हुनेछन् । | १ | ▪ कर्णाली प्रदेशमा रहेका बाल गृहमा विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाहरूको लागि बाल दिवसको अवसरमा कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको अग्रसरतामा खाद्यान्न लगायत अन्य लताकपडाहरू बादी सरोकार मञ्च, सुर्खेत, सिद्धबहिरा विद्यालयमा रहेका सुस्त तथा श्रवण समस्या भएका बालबालिकाहरूलाई खाद्य तथा लताकपडा सहयोग गरेको । |
| ५ | बालअधिकारका लागि कार्णाली प्रदेश तथा स्थानिय सरकारले बालअधिकार सम्वन्धि नीति कार्यकम तथा वजेटको व्यवस्था गरेका हुनेछन् । | | ▪ कर्णाली प्रदेशका ३७ वटा पालिकाले बालबालिका सम्बन्धि नीतिहरू निर्माण गरेको ।<br>▪ २५ वटा पालिकाले स्थानीय बालअधिकार समिति गठन गरेको ।<br>▪ १५ वटा पालिकामा स्थानीय बाल कोष स्थापना तथा परिचालन भएको ।<br>▪ ४४ वटा स्थानीय तहमा बालकल्याण अधिकार तोकिएको तथा केही नयाँ नियुक्त गरेको ।<br>▪ यद्यपी बालमनोविज्ञको सुचिकरण, कुनै पनि पालिकामा नभएको पाईयो । भने प्रदेश स्तरमा बालबालिका सम्बन्धि आवश्यक नीति तथा संयन्त्र नै नभएको अवस्था छ ।<br>▪ प्रदेश स्तरिय बालबालिका सम्बन्धि नीति तथा कानून नभएको, प्रदेश स्तरिय बालअधिकार संरक्षण तथा सर्म्बद्धन कार्ययोजना नभएको, बालअधिकार समिति गठन नभएको, प्रदेश बाल कोष स्थापना नभएको, प्रदेश स्तरमा बालबालिका खोजतलास सेवा संचालन नभएको, अस्थाई संरक्षण तथा पुर्नस्थापना केन्द्र स्थापना नभएको अवस्था छ । |

## विभिन्न नागरिक समाज संस्था तथा सञ्जालमा आवद्धता

हाम्रो संस्था स्थापनाको छोटो समयमा नै प्रदेश स्तरीय उद्देश्य र विषय सुहाउँदा विभिन्न नागरिक समाज संस्था तथा सञ्जालहरूमा बाल अधिकारको संरक्षण र प्रर्वद्धनका लागि समन्वय, सहकार्य र ऐक्यबद्धताका लागि आबद्ध भएको छ । सरकारी संयन्त्रको रुपमा रहेका कर्णाली प्रदेश शिक्षा कलष्टर, कर्णाली प्रदेश संरक्षण कलष्टरमा आवद्ध रही विभिन्न नीतिगत पैरवी तथा योजना निर्माणमा योगदान गरेका छौं । साथै कर्णाली प्रदेश बाल अधिकार समिति गठनको लागि नियमित पैरवी गर्ने र समन्वय तथा सहकार्य गर्ने कार्य निरन्तर गरिएको छ । कर्णाली प्रदेशमा बालबालिकाको सवालहरूको पहिचान र पैरवी अभियानहरू मार्फत विद्यमान कुरीती, कुसंस्कारको विरुद्धमा आवाज उठान गर्ने, सचेतीकरण गर्ने र समतामुलक समाज निर्माणमा योगदान दिने उद्देश्यका साथ तपशिलका नागरिक समाज संस्थाहरूमा आवद्ध भएको छ ।

यसरी हेर्दा सरकारी तथा गैह्रसरकारी र प्रदेश स्तरका विभिन्न नागरिक समाज सञ्जालहरूमा सक्रियताका साथ आवद्धता र सदस्यता सम्मको अवस्थामा ६ वटा सञ्जालमा रही योगदान गरिरहेका छौं । यहाँ ती सञ्जालहरूको नाम, लोगो र आवद्धता मिति उल्लेख गरिएको छ ।

| क्र.सं. | सञ्जालको नाम | सञ्जालको लोगो | आवद्धता मिति |
|---|---|---|---|
| १ | बालिका समावेशी शिक्षा सञ्जाल, कर्णाली प्रदेश (Girls Inclusive Eduation Network) | GIEN-Karnali Network | १९ माघ २०७९ |
| २ | बाल विवाह विरुद्ध साझा अभियान, कर्णाली प्रदेश (Campaign for Againist the Child Marriage) | बाल विवाह अन्त्य गरौं । बाल विवाह विरुद्ध साझा अभियान संजाल | ०९ बैशाख २०८० |
| ३ | शिक्षाका लागि राष्ट्रिय अभियान, कर्णाली प्रदेश (National Campaign for Education) | NCE NEPAL | २३ जेष्ठ २०८० |
| ४ | कर्णाली एलाइन्स फर मर्यादित महिनावारी व्यवस्थापन (Karnali Alliance for Degnified Mensturation Management) | KARNALI ALLIANCE KADMM STEPS TOGETHER FOR DIGNIFIED MENSTRUATION MANAGEMENT | २६ मंसिर २०७९ |
| ५ | कर्णाली प्रदेश शिक्षा समुह (Education Cluster- Karnali province) | Education Cluster Karnali Province | २०७९ असार |
| ६ | कर्णाली प्रदेश संरक्षण समुह (Protection Cluster- Karnali province) | Protection Cluster Karnali Province | २०७९ जेष्ठ |

**कार्यसमिति र सञ्जालमा आवद्ध संस्थाहरुको विवरणः**

सुरुवाती चरणमा १९ वटा कर्णाली प्रदेशमा क्रियाशिल नागरिक समाज संस्थाहरूको प्रतिनिधिहरूको मिति २०७८ असोज ९ का दिन सम्पन्न भेलाबाट बालअधिकारका लागि साझा अभियान कर्णाली प्रदेशको स्थापना भएको हो। सुरुवाती दिनहरूमा ७ सदस्यीय तदर्थ समिति मार्फत संस्थाको सचिवालयको कार्यालय समाज जागरण केन्द्र, स्याक सुर्खेतमा स्थापना गरी बालबालिकाहरूको हक र अधिकारका लागि पैरवी अभियान र क्षमता विकासका क्रियाकलापहरू संचालन गर्दै संस्थागत आवद्धतामा सूचना प्रकाशन गरि तदर्थ समितिको निर्णय अनुसार ३१ वटा बालबालिकाको क्षेत्रमा कार्यरत नागरिक समाज संस्थाहरूको आवद्धता रहेको छ। यस सञ्जालमा आवद्ध नागरिक समाज संस्थाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | संस्थाको नाम | दर्ता भएको जिल्ला | प्रतिनिधिको नाम | सम्पर्क फोन नं. |
|---|---|---|---|---|
| १ | समाज जागरण केन्द्र, स्याक | सुर्खेत | टीकाराम आचार्य | ९८५८०५१५४६ |
| २ | कर्णाली एकिकृत ग्रामिण विकास तथा रिसर्च केन्द्र | जुम्ला | तुलाराम पाण्डे | ९८४८३०१४६२ |
| ३ | एभरेष्ट क्लव, दैलेख | दैलेख | दीपक कुमार शाही | ९८५८०२१००५ |
| ४ | अपाङ्ग सशक्तिकरण केन्द्र | सुर्खेत | विष्णु प्रसाद शर्मा | ९८५८०२८२३६ |
| ५ | आशा सञ्जाल | सुर्खेत | गिता बोहोरा | ९८४८१५७०५४ |
| ६ | आत्म सम्मानका लागि सहकार्य | जुम्ला | धन बहादुर गौतम | ९८४८२७४८५० |
| ७ | सुन्दर नेपाल संस्था | सुर्खेत | भुपेन्द्र प्रसाद कँडेल | ९८४८०४१५३० |
| ८ | आईडिया नेपाल | सुर्खेत | रचना | ९८५१११५६३ |
| ९ | सेतो गुराँस बाल विकास सेवा | दैलेख | राधा कुमारी शाही | ९८४८००११६९ |
| १० | दलित विकास समाज | सल्यान | महेश हितांग | ९८६६२०२५५० |
| ११ | पहाडी क्षेत्र विकास अभियान | जाजरकोट | हजारी नेपाली बादी | ९८४११५९८९८ |
| १२ | आवाज | सुर्खेत | पवित्रा शाही | ९८५८०५०८०७ |
| १३ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश कार्यालय | सुर्खेत | दुर्गा थापा | ९८४८२४६४०७ |

| क्र. सं. | संस्थाको नाम | दर्ता भएको जिल्ला | प्रतिनिधिको नाम | सम्पर्क फोन नं. |
|---|---|---|---|---|
| १४ | पाँच तारा युवा संरक्षक मञ्च | जाजरकोट | छवि पन्त | ९८५८०५२१२७ |
| १५ | रुकुमेली समाज विकास केन्द्र | रुकुम पश्चिम | नर बहादुर नेपाली | ९८५११६२३१५ |
| १६ | नेपाल नाजारेत सोसाईटी (नव ज्योति केन्द्र) | सुर्खेत | जरमाया थापा बाँठा | ९८४८०३७९३२ |
| १७ | एसओएस बालग्राम, सुर्खेत | सुर्खेत | बसन्ती शाही | ९८६८९११८७० |
| १८ | सोसेक-नेपाल | दैलेख | महेन्द्र कार्की | ९८५८०३४१८७ |
| १९ | दलित महिला संघ (फेडो) | सुर्खेत | सपना परियार | ९७४८३३८७५३ |
| २० | मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरुण्डेक) | कालिकोट | वीरेन्द्र बहादुर बुढा | ९८४८३१४३७६ |
| २१ | सिमान्तकृत महिलाहरूको लागि महिला संस्था (वाम) | सुर्खेत | देवी पौडेल | ९८४८०००३५३ |
| २२ | गामिण विकास एक्सप्रेस | सल्यान | निरज केसी | ९८५७८२४३९७ |
| २३ | कर्णाली विकास हातेमालो सेवा समाज (हातेमालो–नेपाल) | जुम्ला | टेकबहादुर रावत | ९८५८३२०४६८ |
| २४ | स्थानीय सरोकार समुह | सुर्खेत | खिम बहादुर रेग्मी | ९८५८०५०६६४ |
| २५ | ग्रामिण विकास तथा पर्यावरण मञ्च (भिडिसेफ) | कालिकोट | राजेन्द्र सहकारी | ९८४८३२७९३६ |
| २६ | दिगो तथा न्यायोचित विकास प्रतिष्ठान | डोल्पा | लंकबहादुर शाही | ९८५११११३३६ |
| २७ | मानव अधिकार तथा ग्रामिण विकास केन्द्र | सुर्खेत | विन्दुलाल रेग्मी | ९८४८०४९६२० |
| २८ | मानव अधिकार वकालत केन्द्र (रेस) | सल्यान | रामचन्द्र रेग्मी | ९८५७८२२३६२ |
| २९ | सादा, नेपाल | कालिकोट | दलसिंह कुमाल | ९८५१२२५५९८ |
| ३० | मानव अधिकार तथा वातावरण विकास केन्द्र | मुगु | नमराज रावत | ९८५८३२२४९० |
| ३१ | पत्रकार महासंघ, कर्णाली प्रदेश | सुर्खेत | देवीराम देवकोटा | ९८५८०४३५४७ |

**संस्थागत सुशासनका अभ्यासहरू :**

बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशले स्थापना देखि नै संस्थागत सुशासनका अभ्यासहरू गर्दै आएको छ । यस सञ्जालको निर्देशक सभाको रुपमा बार्षिक साधारण सभा र कार्यकारी समितिका पदाधिकारीहरूले साधारण सभाको निर्देशन अनुसार संस्थाको विधानको मर्म अनुसार सुशासनका अभ्यासहरू अवलम्वन गरेको छ । संस्थाको अर्गानोग्राम अनुसार सबै पदको कार्यविवरण र अधिकारहरू तोकिएका छन् । प्रत्येक ६ महिनामा कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकन गरिन्छ । संस्थागत विकास समिति, खरिद समित, पदपुर्ति समिति, संस्थागत आवद्धता समिति, आन्तरिक लेखा परिक्षण समिति, भौतिक परिक्षण समिति र सचिवालय समिति गठन गरिएको छ । सबै समितिको काम कर्तव्य र अधिकारहरू तोकिएका छन् । संस्थाको आचार संहिता र १५ वटा नीति तथा निर्देशिका मार्फत संस्थागत क्रियाकलापहरू अगाडि बढाइन्छ ।

यस सञ्जालको टोल फ्रि नम्बर १८-१०-५०-०००४, वेवसाईट www.ccrkarnali.org.np मार्फत पनि संस्थागत सुशासनलाई बढवा दिइएको छ । हरेक वर्ष हुने संस्थाको बार्षिक लेखा परिक्षण स्वतन्त्र तेस्रो पक्ष चार्टड एकाउन्टेन फर्मबाट संचालन गरिन्छ । आन्तरिक लेखा परिक्षण समितिमार्फत अर्धबार्षिक रुपमा यस सञ्जालको लेखा परिक्षण गर्ने र सुझावहरू दिने प्रथा रहेको छ । यसैगरि संस्थागत सूचनादाताको रुपमा सचिवालय प्रमुख टेकराज आचार्य, जेण्डर फोकल पर्सन, संस्थाको अध्यक्ष श्री टीकाराम आचार्यलाई तोकिएको छ ।

**संस्थामा रहेका विभिन्न नीति नियम तथा निर्देशिकाहरू :**

बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश सुर्खेतले संस्थागत सुशासन कायम गर्न र काम कारवाहीहरूलाई चुस्त दुरुस्त राख्न र संचालन गर्नको लागि तल उल्लेखित विभिन्न नीति तथा निर्देशिकाहरू जारी गरेको छ ।

१. आर्थिक व्यवस्थापन नियमावली २०७८, (पहिलो संसोधन) आर्थिक व्यवस्थापन नीति २०८०
२. कर्मचारी व्यवस्थापन नियमावली २०७८ (पहिलो संसोधन) मानव संसाधन व्यवस्थापन नीति २०८०
३. बाल संरक्षण नीति २०७८ (पहिलो संसोधन २०८०)
४. लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण नीति २०८०
५. सूचना सञ्चार तथा ब्राण्डीङ्ग नीति २०८०
६. गुनासो तथा पृष्ठपोषण सुनुवाई व्यवस्थापन नीति २०८०
७. सवारी साधन सञ्चालन नीति २०८०
८. आपत्कालीन परिस्थितिमा टेलिकार्य सम्बन्धी नीति २०८०
९. यौनशोषण, दूर्व्यवहार तथा उत्पिडनबाट संरक्षण नीति २०८०
१०. कर्मचारी छनोट प्रकृया निर्देशिका २०७८ (पहिलो संशोधन) २०८०
११. संस्थागत आवद्धता, सदस्य विस्तार एवम् सदस्यता वितरण निर्देशिका २०८०
१२. खरिद व्यवस्थापन निर्देशिका २०८०
१३. मानव संशाधन विकास निर्देशिका २०८०
१४. आपतकालीन मानवीय साहायता तथा प्रतिकार्य निर्देशिका, २०८०
१५. कर्मचारी तथा पदाधिकारीहरूको लागि अभिमुखिकरण निर्देशिका २०८०

**संस्थागत विभिन्न समिति तथा उपसमितिहरू :**

सस्थागत विकासका साथै सुशासनका लागि संस्थागत रुपमा सिर्जना गरिएका विभिन्न उपसमिति संयोजक र सदस्यहरूको विवरण तलको तालिकामा तयार गरिएको छ।

| संस्थागत विकास समिति | सचिवालय समिति |
|---|---|
| संयोजक : श्री तुलाराम पाण्डे<br>सदस्य : श्री दीपक कुमार शाही<br>सदस्य : श्री भुपेन्द्र प्रसाद कडेल<br>सदस्य : श्री रचना सुनार<br>सदस्य : श्री धन बहादुर गौतम | संयोजक : श्री टीकाराम आचार्य<br>सदस्य : श्री गिता बोहोरा<br>सदस्य : श्री विष्णु प्रसाद शर्मा<br>सदस्य : श्री भुपेन्द्र प्रसाद कडेल<br>सदस्य : श्री रचना सुनार |
| खरिद समिति | पदपुर्ति समिति |
| संयोजक : श्री विष्णु प्रसाद शर्मा<br>सदस्य : श्री रचना सुनार<br>सदस्य : श्री भुपेन्द्र प्रसाद कँडेल | संयोजक : श्री विष्णु प्रसाद शर्मा<br>सदस्य : श्री गिता बोहोरा<br>सदस्य : श्री भुपेन्द्र प्रसाद कँडेल |
| भौतिक सम्पती परीक्षण समिति | आन्तरिक लेखा परीक्षण समिति |
| संयोजक : श्री तुलाराम पाण्डे<br>सदस्य : श्री दीपक कुमार शाही<br>सदस्य : श्री हजारी नेपाली बादी | संयोजक : श्री धन बहादुर गौतम<br>सदस्य : श्री राधा कुमारी शाही<br>सदस्य : श्री महेश हितांग |
| संस्थागत सदस्यता आवद्धताको लागि सिफारिस उपसमिति | प्रस्तावना लेखन समिति |
| संयोजक : श्री गिता बोहोरा<br>सदस्य : श्री सफलता नेपाली<br>सदस्य : श्री टेकराज आचार्य | संयोजक : श्री टीकाराम आचार्य<br>सदस्य : श्री धन बहादुर गौतम<br>सदस्य : श्री रचना सुनार<br>सदस्य : श्री सन्दीपा बुढा क्षेत्री<br>सदस्य सचिव : श्री टेकराज आचार्य |

**आ.व. २०७९/०८० मा संचालित कार्यक्रमहरू:**

यस आ.व. २०७९/२०८० मा बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशको आन्तरिक तथा दातृ संस्थाहरूको सहयोगमा स्थानीय सरकार, कर्णाली प्रदेश सरकार र सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यमा विभिन्न क्रियाकलपाहरू कार्यन्वयन गरिएको छ। कार्यन्वयन गरिएका क्रियाकलापहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।


| क्र.सं. | क्रियाकलापहरू | सहयोग | कार्यक्षेत्र | बयस्क लाभान्वीत | | | बालबालिका लाभान्वीत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | LGBTIQ | बालिका | बालक | LGBTIQ |
| क) आन्तरिक तर्फ संचालित कार्यक्रमहरू | | | | | | | | | |
| १ | कार्यसमिति तथा विभिन्न उपसमितिको नियमित बैठक | आन्तरीक | CCR-Karnali | ४ | ७ | 0 | १ | २ | 0 |

| क्र. सं. | क्रियाकलापहरू | सहयोग | कार्यक्षेत्र | बयस्क लाभान्वीत | | | बालबालिका लाभान्वीत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | LGBTIQ | बालिका | बालक | LGBTIQ |
| २ | कन्सलटेशन बैठक | आन्तरीक | KPCCN | ० | ० | ० | ५ | ४ | १ |
| ३ | पुर्व बालक्लव सदस्यहरू संगको छलफल बैठक | आन्तरीक | CCR-Karnali | ० | १२ | ० | ० | ० | ० |
| ख) दातृ संस्थाको सहयोगमा संचालित कार्यक्रमहरू | | | | | | | | | |
| १ | संस्थाको एड्भोकेसी रणनीतिक योजना तयारी | SIDA funded SANKALPA Project | Save the Children | ११ | २५ | २ | ० | ० | ० |
| २ | कर्णाली प्रदेश बाल क्लव सञ्जाललाई क्षमता विकास तालिम | SIDA funded SANKALPA Project | Save the Children | १० | ८ | ३ | ११ | ५ | १ |
| ३ | बाल अधिकारका लागि साझा अभियानका विभिन्न नीति निर्माण कार्यशाला गोष्ठि | SIDA funded SANKALPA Project | Save the Children | ५ | ८ | ० | ० | ० | ० |
| ४ | बालबालिका सम्बन्धि विद्यमान नीति र कानुनी छिद्र सम्बन्धि कार्यशाला गोष्ठि | SIDA funded SANKALPA Project | Save the Children | ९ | २२ | २ | १ | १ | ० |
| ५ | प्रदेश स्तरिय नागरिक समाज सञ्जालको नक्सांकन कार्यालशाला | SIDA funded SANKALPA Project | Save the Children | ४ | १८ | १ | १ | १ | ० |
| ६ | बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशका लक्ष्य उद्देश्यहरूको समिक्षा | SIDA funded SANKALPA Project | Save the Children | ४ | ८ | ० | २ | ० | ० |

| क्र. सं. | क्रियाकलापहरू | सहयोग | कार्यक्षेत्र | बयस्क लाभान्वीत | | | बालबालिका लाभान्वीत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | LGBTIQ | बालिका | बालक | LGBTIQ |
| ६ | संकल्प परियोजनाको समिक्षा तथा अभिमुखीकरण बैठक | SIDA funded SANKALPA Project | Save the Children | १२ | २३ | ० | ० | ० | ० |
| ७ | कर्णाल प्रदेश बाल क्लव सञ्जालका पदाधिकारीहरूलाई सिफ्ट तालिम | SIDA funded SANKALPA Project | Save the Children | ९ | ५ | ० | ७ | ६ | १ |
| ८ | कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको बजेट विश्लेषण कार्याशाला | SIDA funded SANKALPA Project /NORAD supported Smart for Children project | Save the Children | २२ | १५ | ० | ० | ० | ० |
| १० | सुरक्षित विद्यालय रणनीति योजना निर्माण, Task Force Group परिचालन | NORAD supported Smart for Children project | Save the Children | ३ | ५ | ० | ० | ० | ० |
| ११ | संस्थागत क्षेमता मुल्यांकन कार्यशाला गोष्ठि | SIDA funded SANKALPA Project | Save the Children | ८ | ९ | ० | ० | ० | ० |
| १२ | संस्थाको रणनीति योजना निर्माण कार्यशाला गोष्ठि | NORAD supported Smart for Children project | Save the Children | ६ | ११ | ० | ० | ० | ० |
| १३ | बालअधिकार महासन्धीको छैठौं र सातौं पुरक प्रतिवेदन माथी छलफल | NORAD supported Smart for Children project | Save the Children | १२ | ३० | ३ | १ | २ | ० |

| क्र. सं. | क्रियाकलापहरू | सहयोग | कार्यक्षेत्र | बयस्क लाभान्वीत | | | बालबालिका लाभान्वीत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | LGBTIQ | बालिका | बालक | LGBTIQ |
| १४ | बाल अधिकारमा आधारित पैरवी तालिम | SIDA funded SANKALPA Project | Save the Children | १० | १९ | ० | ० | १ | ० |
| १५ | राजनीतिक दल र नागरिक समाज संस्थाहरू संग प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन सर्न्दभमा अन्तरक्रिया | NORAD supported Smart for Children project | Save the Children | १५ | ४१ | ० | ० | ० | ० |
| १६ | सुरक्षित विद्यालय रणनीतिक योजना सम्बन्धि कार्यशाला | NORAD supported Smart for Children project | Save the Children | ३ | २२ | ० | १ | १ | ० |
| जम्मा लाभान्वीत जनसंख्या | | | | १४७ | २८८ | ११ | ३० | २३ | ३ |

**बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश (CCR-Karnali) बाट लाभान्वीत लक्षित वर्गहरूको विवरण:**



## खण्ड : ग

# संस्थाद्वारा साधारण सभामा प्रस्तुत आर्थिक प्रदिवेदन आ.व. २०७९/०८०

नागरिक समाज संस्थाहरूको मेरुदण्डको रुपमा आर्थिक आम्दानी र खर्चको अवस्थालाई बुझ्ने गरिन्छ । हाम्रो जस्तो एलाइन्समा आधारित नागरिक समाज सञ्जालहरूको बलियो आर्थिक श्रोत हुदैन । बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशले साझेदार संस्थाहरूको अनुदान रकम र सदस्य संस्थाहरू द्वारा नविकरण र दर्ता शुल्कको आधारमा आम्दानी गरेको छ । आम्दानी गरेको शिर्षकअनुसार योजना बनाएका खर्चका शिर्षकहरूको खर्च नेपाल सरकारको कानून, संस्थाको विधान, नीति नियम तथा साझेदार संस्थाहरूसंगको सम्झौता, नीति नियम र Complince का आधारमा आर्थिक कारोबारो गरिएको छ ।

नेपाल सरकारको आयकर ऐन, भ्याट निर्देशिका अनुसार सम्बन्धित शिर्षकमा टिडिएस र करकट्टी गर्ने, कर्मचारीहरूको सेवा सुविधा बैंक मार्फत भुक्तानी गर्ने, संस्थाको सबै कारोबारो दोहोरो लेखा प्रणालीअनुसार गर्ने गरिएको छ । सुशासनका हिसावले प्रत्येक परियोजना र आन्तरिक खर्च तथा आम्दानी बाँध्नको लागि छुट्टा छुट्टै बैंक खाताहरू खोली सोही खाताको प्रयोग गरि कारोबारो गर्ने गरेको, साझेदार संस्थाहरूलाई मासिक रुपमा आर्थिक प्रगति प्रतिवेदन पेश गर्ने गरेको, विभिन्न संस्थागत उपसमितिहरू गठन गरि प्रभावकारी कार्यन्वयन भएको, अर्धबार्षिक रुपमा आन्तरिक लेखा परिक्षण गर्ने गरेको, भौतिक सम्पतीको परिक्षण गर्ने गरेको, संस्थाका कर्मचारीहरूको अर्धबार्षिक रुपमा कार्यसम्पादन मुल्यांकन गर्ने गरेको र सोही अनुसार कर्मचारीको तलवमान बृद्धि तथा सचेत पत्र प्रदान गर्ने जस्ता कार्यहरू गरेको छ ।

“बालअधिकार हामी सबैको सरोकारको विषय हो” र “बालबालिका राष्ट्रिय गौरव हुन्” भन्ने नारालाई मुर्तरुप दिन बालअधिकारका लागि साझा अभियान कर्णाली प्रदेशले आन्तरिक श्रोत तर्फ आफ्ना सदस्य संस्थाहरूको दर्ता र नविकरण शुल्क तथा बाह्रिय श्रोत तर्फ विभिन्न दात्री निकायद्वारा प्रदान गरिएको अनुदान रकम नै यस संस्थाको आम्दानी हो । यसैगरि संस्थागत विकास, सुशासन, विधि र पद्धती स्थापना तथा दातृ निकायहरू संग भएको परियोजनागत सम्झौता अनुसार संचालित विभिन्न क्रियाकलापहरूमा हुने खर्च नै खर्च रकम हो ।

**आ.व. २०७९/०८० मा भएको आम्दानी रकम :**

बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali) ले स्थापना देखि प्रेरणाको श्रोत तथा अभिभावकीय भुमिका प्रदान गर्ने सेभ द चिल्ड्रेन, यस सञ्जालका संस्थापक नागरिक समाज संस्थाहरू, तदर्थ समिति, कार्यसमिति र कर्मचारी एवम् भोलिन्टीयर ज्यूहरूको सक्रियतामा दुई तरिकाहरु (आन्तरीक श्रोत र दातृ निकायको अनुदान सहयोगबाट) आ.व. २०७९/०८० मा आम्दानी रकम प्राप्त भएको छ ।

| क्र.स. | आन्तरिक श्रोतको शिर्षकहरू | जम्मा आम्दानी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत आबद्धता तथा नविकरण शुल्कबाट प्राप्त आम्दानी | २७,०००.०० | |
| **क्र.स.** | **दातृ निकायको अनुदान बाट प्राप्त** | **जम्मा आम्दानी रकम (रु.)** | **कैफियत** |
| १ | स्मार्ट फर चिल्ड्रेन परियोजना (Save the Children NORAD Funded) | १,८५७,९९६.४९ | |
| २ | संकल्प परियोजना (Save the Children Sweden SIDA funded) | ४,८६७,२५०.१६ | |
| **कुल जम्मा आम्दानी रकम** | | ६,७२५,२४६.६५ | |

**खर्च रकम :**


बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali) ले स्थापना मिति देखि नै आन्तरिक तथा बाह्यि श्रोतको परिचालन गरि कर्णाली प्रदेशमा बाल अधिकारको क्षेत्रमा विभिन्न सरकारी, नागरिक समाज तथा विकास साझेदारहरू संग समन्वय, सहकार्य र ऐक्यवद्धताका विभिन्न कार्यक्रमहरू मार्फत आ.व. २०७९/०८० मा तपशिल अनुसार खर्च सम्पन्न गरेको छ ।

| क्र.स. | आन्तरिक श्रोतको खर्च शिर्षकहरू | जम्मा खर्च रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | संस्थागत विकासका लागि भएको खर्च रकम (सूचना, प्रमाण पत्र) | २,२६०.०० | |
| **क्र.स.** | **दातृ निकायको अनुदान बाट प्राप्त** | **जम्मा खर्च रकम (रु.)** | **कैफियत** |
| १ | स्मार्ट फर चिल्ड्रेन परियोजना (Save the Children NORAD Funded) | १,८५७,९९६.४९ | |
| २ | संकल्प परियोजना (Save the Children Sweden SIDA funded) | ४,२८६,०५०.५५ | |
| **कुल जम्मा आम्दानी रकम** | | ६,१४४,०४७.०४ | |

**आम्दानी अनुसार खर्च विवरण :**

| क्र.स. | विवरण | जम्मा आम्दानी रकम (रु.) | जम्मा खर्च (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थागत आबद्धताबाट प्राप्त आम्दानी र खर्च विवरण | २७,०००.०० | - | |
| २ | संस्थागत आवद्धताको नविकरणबाट प्राप्त आम्दानी र खर्च | २४,७४०.०० | २,२६०.०० | |
| ३ | स्मार्ट फर चिल्ड्रेन परियोजना (Save the Children NORAD Funded) | १,८५७,९९६.४९ | १,८५७,९९६.४९ | |
| ४ | संकल्प परियोजना (Save the Children Sweden SIDA funded) | ४,८६७,२५०.१६ | ४,२८६,०५०.५५ | |
| **कुल जम्मा आम्दानी रकम** | | ६,७२५,२४६.६५ | ६१४४०४७.०४ | |

खर्चको प्रारुप बारग्राफमा




**प्रविधिको प्रयोगले हुने यौनिक तथा लैङ्गिक हिंसाको प्रतिरोध गरौं ।**

CCR-Karnali
Collective Campaign for Child Rights

खण्ड : घ

# बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशद्वारा आ.व. २०८०/०८१ का लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेट

कर्णाली प्रदेशमा बालबालिकाको अधिकारका लागि अग्रणी भुमिका निर्वाह गर्ने नागरिक समाज सञ्जालका रुपमा क्रियाशिल रहनको लागि बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali) ले आ.व. २०८०/०८१ का लागि निम्न नीति तथा कार्यक्रम प्रस्ताव गरेको छ ।

१. कर्णाली प्रदेश सरकार, प्रदेश सभा र सामाजिक विकास मन्त्रालय संग नजिकको सम्बन्ध, समन्वय तथा सहकार्यको नीति लिई कर्णाली प्रदेशको बालबालिका सम्बन्धि ऐन, नियमावली, बाल कोष स्थापना तथा बाल अधिकार समिति गठनका लागि नियमित पैरवी अभियानहरू संचालन गरिनेछ ।

२. कर्णाली प्रदेश अर्न्तगतका बालअधिकार समिति गठन नगरेका ५४ वटा, बाल कोष स्थापना नभएको ४५ वटा, बालमनोविमर्शकर्ताको सूचीकृत नभएका ७९ वटा, बाल कल्याण अधिकारी नतोकीएको ३५ वटा पालिकामा पालिका स्तरीय बाल अधिकार समिति, बाल क्लव सञ्जाल, बाल कोष स्थापना तथा बालमनोविमर्शकर्ताको सुचीकृत सूची तयारका लागि समन्वय, सम्पर्क तथा साझेदारी गरिनेछ ।

३. बाल अधिकार उलंघन र हन्नका घटनाहरूमा स्थलगत भिजिट गरि प्रतिवेदन सार्वजनीक गर्ने, प्रेस विज्ञप्ती, ध्यानाकषर्ण पत्र, ऐक्यवद्धता र जवाफदेहीता अभिबृद्धि गर्ने नीति लिईनेछ ।

४. प्रमाणमा आधारित बालबालिकाको सर्वोतम् हितका लागि आवश्यक विभिन्न नीति नियमहरू निर्माणमा तथा प्रभावकारी कार्यन्वयनमा सहजीकरण गरिनेछ ।

५. बालअधिकार संरक्षण र प्रर्वद्धनका लागि विभिन्न विषयमा अध्ययन अनुसन्धान तथा प्रतिवेदन तयार गरी तीनै तहका सरकारहरूलाई बजेट विनियोजनमा प्रेरित गर्ने र पैरवी अभियान संचालन गर्ने नीति लिईनेछ ।

६. बालअधिकारको सवालहरू प्रथामिकीकरण गरी जसको सवाल उसैको नेतृत्वको मर्म अनुसार कर्णाली प्रदेश बाल क्लव सञ्जालको प्रभावकारीता अभिबृद्धि गर्ने साथै सचिवालय स्थापना गरि संस्थागत विकासमा टेवा पुराईनेछ ।

७. बालअधिकारको क्षेत्रमा आफ्ना सदस्य संस्थाहरू, निजी क्षेत्र, सञ्चारजगत र सम्बन्धित सबै सरोकारवालहरूको क्षमता विकास गरी बालबालिकाको अवस्थामा सुधार ल्याउने नीति लिइनेछ ।

८. स्थानीय तह, प्रदेश सरकार, संघिय सरकार तथा विभिन्न विकास साझेदारहरूसंग सम्पर्क, समन्वय विस्तार गरि साझेदारीतामा अभिबृद्धि गरिनेछ ।

९. कर्णाली प्रदेशमा हाल विद्यमान रेहेका ३ वटा बाल हेल्पलाईनको जिल्लाहरू सुर्खेत, दैलेख र कालिकोट बाहेक अन्य ७ वटा जिल्लामा बाल हेल्पलाईन सेवा सञ्चालन गर्न प्रदेस र संघिय सरकार संग समन्वय, सहकार्य र साझेदार गर्ने नीति लिएको छ ।

माथी उल्लेखित नीतिलाई आ.व. २०८०/०८१ मा सफल कार्यन्वयनका लागि तपशिलको शिर्षकहरूमा आम्दानी गर्ने प्रस्ताव गर्दछौं ।

**आम्दानी प्रक्षेपण रकमः**

बाल अधिकारका लागि साझा अभियान (CCR-Karnali) ले स्थापना देखि प्रेरणाको श्रोत तथा अभिभावकीय भुमिका प्रदान गर्ने सेभ द चिल्ड्रेन, यस सञ्जालका संस्थापक नागरिक समाज संस्थाहरू, तदर्थ समिति, कार्यसमिति र कर्मचारी एवम् भोलिन्टीयर ज्यूहरूको सक्रियतामा दुई तरिकाहरु। (आन्तरीक श्रोत र दातृ निकायको अनुदान सहयोग बाट) आ.व. २०८०/०८१ मा आम्दानीको प्रक्षेपण प्रस्ताव गरिएको छ ।

| क्र. सं. | आन्तरिक श्रोतको शिर्षकहरू | जम्मा आम्दानी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नागरिक समाज संस्था आबद्धता तथा नविकरण शुल्कबाट प्राप्त आम्दानी | २२,०००।०० | बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशमा आवद्ध ३१ वटा संस्थाको नविकरण र ५ वटा संस्थाको आवद्धताबाट प्राप्त हुने रकम |

| क्र. सं. | दातृ निकायको अनुदानबाट प्राप्त | जम्मा आम्दानी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | स्मार्ट फर चिल्ड्रेन परियोजना (Save the Children NORAD Funded) | ८०,००,०००।०० | बालअधिकारको क्षेत्रमा पैरवी, अभियान र क्षमता विकासका लागि प्राप्त हुने दातृ निकायको अनुदान रकम |
| २ | संकल्प परियोजना (Save the Children Swiden SIDA funded) | ५२,००,०००।०० | संस्थागत क्षमता विकास, सुशासन र नागरिक समाज सञ्जाल विस्तारका लागि प्राप्त हुने दातृ निकायको अनुदान रकम |
| ३ | साथी संस्था काठमान्डौं संगको साझेदारीतामा (Partnering with Children- Local to Globle) | १,२३,०००।०० | स्थानीय देखि विश्वव्यापीकरणका लागि बालबालिकाहरूको नेतृत्वमा हुने कार्यक्रमहरूका लागि प्राप्त हुने दातृ निकायको अनुदान रकम |
| ४ | यूनिसेफ, प्लान इन्टरनेशनल, यूएनडिपी आदी संगको समन्वयमा बालअधिकारको क्षेत्रमा कार्यक्रमहरू संचालन गर्ने । | ५१,००,०००।०० | बाल अधिकारको क्षेत्रमा हुने अध्ययन, अनुसन्धान तथा नीतिगत पैरवीका लागि प्राप्त हुने दातृ निकायको अनुदान रकम |
| **कुल जम्मा आम्दानी रकम** | | १,८४,२३,०००।०० | |

खण्ड : ङ

# विशेष संरक्षण आवश्यकता भएका बालबालिकाको अधिकारका लागि विशेष सेवा आवश्यक छ ।

**– टेकराज आचार्य**
**सचिवालय प्रमुख**
**बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश**

नेपाल सरकारले बाल अधिकार महासन्धी १९८९ र नेपालको संविधानको मौलिक हक अर्न्तगत धारा ३९ बाल अधिकार सम्बन्धीको व्यवस्थाको मर्म अनुसार बालबालिका सम्बन्धि ऐन २०७५ र नियमावली २०७८ जारी गरेको छ। संघिय सरकारले जारी गरेको यस ऐनको आधारमा नेपालमा बालअधिकार सम्बन्धि विभिन्न गतिविधिहरु संचालित छन् । बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ४८ अनुसार तपशिलका बालबालिकाहरुलाई **विशेष संरक्षण आवश्यक्ता भएका बालबालिका** भनि निर्देशित गरेको छ ।

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. संक्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

माथी उल्लेखित (क) देखि (ठ) सम्मको सूचीमा रहेका बालबालिकाहरुको अधिकारका लागि विभिन्न किसमका कार्यहरु गर्न सकिन्छ । प्रथम कर्तव्य घरपरिवार र आमाबाबु आफन्तहरुन जिम्मेवार हुन् भने घरपरिवार र आमाबाबु आफन्तहरुले गर्न नसकेमा सरकारले त्यसको दायित्व वहन गर्नुपर्ने हुन्छ । विशेष संरक्षणमा बालबालिकाहरुको लागि तपशिलका क्रियाकलापहरु संचालन गर्न सकिन्छ ।

विशेष संरक्षणमा रहेका बालबालिकाहरुलाई निम्न सहायता प्राप्त गर्ने व्यवस्था रहेको छ ।

- आपतकालीन उद्धार तथा राहत,
- अस्थायी संरक्षण,
- स्वास्थ्य उपचार,
- मनोसामाजिक सहयोग,
- पारिवारिक पुनर्मिलन,
- पुनस्थापना,
- वैकल्पिक हेरचाह,
- परिवार सहयोग,
- सामाजिक सुरक्षा,
- सामाजिकीकरण,
- पारिवारिक परामर्श,
- कानूनी परामर्श तथा सहायता,
- शैक्षिक सहायता,
- सिपमूलक तालीम,
- सामाजिक संरक्षण,
- बाल हेल्पलाइन सेवाबाट सहयोग,
- खेलकुद, मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलापको सञ्चालन

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ को उपदफा (२) (१) बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको लागि बैकल्पीक हेरचाहाको प्रकृतीहरु निम्न प्रथामिकताको आधारमा गर्न सकिन्छ ।

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार (पहिलो प्राथमिकता)

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति, (दोस्रो प्राथमिकता)

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था (तेस्रो प्राथमिकता)

(घ) बालगृह (अन्तिम विकल्प)

**कर्णाली प्रदेशमा विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका**

कर्णाली प्रदेशमा विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाहरुको जनसंख्या उल्लेख्य रहेकोछ । प्रदेश सरकार र स्थानीय सरकारले यस क्षेत्रमा गर्नुपर्ने कार्य धेरै छन् । कर्णाली प्रदेशमा बालअधिकारका विभिन्न सवालहरु छन् । सवालहरुको सम्बोधन गर्दै विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका र सबै बालबालिकाहरुको जिवनमा सुधार ल्याउने जिम्मा राज्यको भएको र राज्यसंग श्रोतसाधन तथा जनशक्ति अपुग आदी कारणले सो कार्य उल्लेख्य रुपमा हुन सकेको छैन । यस्तो अवस्थामा नागरिक समाज सञ्जालहरु तथा विकास साझेदार संघ संस्थाहरुको समेत समन्वय र सहकार्यमा कर्णाली प्रदेशमा विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको अधिकारको लागि काम गर्नुपर्ने आजको आवश्यक्ता हो ।

जनसंख्याको दृष्टिकोणबाट तथ्यांकहरु विश्लेषण गर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा तपशिलका बालबालिकाहरु विशेष संरक्षणको आवश्यक्ता रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | जनसंख्या | कैफियत |
|---|---|---|---|
| १ | एकल अविभावकसँग बसिरहेका बालबालिका | ९५५३४(१४ प्रतिशत) | NDS, 2078 BS |
| | एकल आमासँग बालबालिका | ८९५८७ (९४ प्रतिशत) | NDS, 2078 BS |
| | एकल बाबुसँग बालबालिका | ५९४७ (६ प्रतिशत) | NDS, 2078 BS |
| २ | अविभावक भन्दा बाहिर बसिरहेका | २५३६३ | NDS, 2078 BS |
| | बालक | ११२३८ | NDS, 2078 BS |
| | बालिका | १४१२५ | NDS, 2078 BS |

| क्र.सं. | विवरण | जनसंख्या | कैफियत |
|---|---|---|---|
| ३ | सौतेनी अविभावकसँग बसिरहेका | ३२८७ | NDS, 2078 BS |
| | सौतेनी आमासँग | २८११ (८५.५१ प्रतिशत) | NDS, 2078 BS |
| | सौतेनी बाबुसँग | ४७६ (१४.४९ प्रतिशत) | NDS, 2078 BS |
| ४ | बाल श्रममा रहेका बालबालिका | १३७००० | अनुमानित |
| ५ | बालविवाहको सिकार भएका बालबालिका | ४१००० | २०२१ को तथ्यांक |
| ६ | विभिन्न बालगृहमा भएका बालबालिकाहरु | करिव २००० | अनुमानित |

श्रोत : राष्ट्रिय जनगणना २०७८

**कर्णाली प्रदेश र स्थानीय तहले गरेका केही बालअधिकार सम्बन्धी गरेका प्रयासहरु :**

कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहमध्ये तपशिलको तालिकामा उल्लेख गरिएका स्थानीय तहहरुले मात्र विशेष संरक्षणको आवश्यक्ता भएका सहित सबै बालबालिकाको अधिकारका लागि केही प्रयासहरु गरेको देखिन्छ ।

**कर्णाली प्रदेशमा रहेका ७९ वटा स्थानीय तहहरु मध्येका बालअधिकार सम्बन्धि केही संस्थागत तथा संरचनागत व्यवस्थाहरु :**

| क्र.सं. | नेपालको संविधान र बालबालिका सम्बन्धि ऐन २०७५ र नियमावली २०७८ को मर्म अनुसार गरेका प्रयासहरु | पालिकाको संख्या | कैफियत |
|---|---|---|---|
| १ | बालबालिका सम्बन्धित स्थानीय नीति तथा कानून | ३७ स्थानीय तह | |
| २ | स्थानीय बालअधिकार समिति | २५ स्थानीय तह | |
| ३ | स्थानीय बाल कोष | १५ स्थानीय तह | |
| ४ | बाल कल्याण अधिकार तोकिएको तथा नियुक्ति दिएको | ४४ स्थानीय तह | |
| ५ | समाज सेवी तथा बालमोविमर्शकर्ताको सुची | छैन | |

श्रोत : राष्ट्रिय बाल अधिकार परिषद्

**कर्णाली प्रदेश सरकाले बालअधिकार सम्बन्धि गरेका केही संस्थागत तथा संरचनागत व्यवस्थाहरु :**

| क्र.सं. | नेपालको संविधान र बालबालिका सम्बन्धि ऐन २०७५ र नियमावली २०७८ को मर्म अनुसार गरेका प्रयासहरु | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | प्रदेस स्तरिय बालबालिका सम्बन्धित नीति | उपलब्ध नभएको | |
| २ | प्रदेस स्तरिय बालबालिका सम्बन्धित ऐन | उपलब्ध नभएको | |
| ३ | बालअधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धि प्रदेश स्तरीय कार्ययोजना | उपलब्ध नभएको | |
| ४ | प्रदेश बालअधिकार समिति | गठन नगरिएको | |
| ५ | प्रदेशस्तरीय बाल कोष | स्थापना नगरिएको | |
| ६ | प्रदेश बालबालिका खोजतलास सेवा | छैन | |
| ७ | प्रदेशस्तरीय अस्थायी संरक्षण तथा पुनर्स्थापना केन्द्र | ३ वटा मात्र | सुर्खेत |
| ८ | बाल हेल्पलाईन स्थापना र परिचालन | ३ वटा | सुर्खेत, दैलेख र कालिकोट |

# कर्णाली प्रदेशमा अकालमै बालबालिकाहरूको मृत्यु भईरहेको छ, हामी सबै सचेत हुन आवश्यक छ ।

– टेकराज आचार्य/निकीता कठायत

बालबालिकाको प्रमुख अधिकार नै उनीहरुको बाँच्न पाउनु हो । घरपरिवार तथा बयस्क मान्छेहरु र राज्यको पहिलो दायित्व बालबालिकहरुको सर्वोतम् हितलाई ध्यान दिई उनीहरुको बाँच्न पाउने अधिकार, संरक्षित हुने अधिकार, विकासको अधिकार र सहभागीताको अधिकार सुनिश्चित गर्नु पर्दछ । पछिल्ला वर्षहरुमा घरपरिवारको सदस्यहरु, बयस्क व्यक्तिहरु र राज्यको हेलचक्राईले बालबालिकाहरुको अकालमै मृत्यु भईरहेको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्यांक अनुसार आ.व. २०७९/०८० मा तपशिलको विवरणमा बालबालिकाहरुको अकालमै मृत्यु भएको पाइएको छ ।

| सि.नं. | मृत्युको प्रकार | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | भिरबाट लडेर | ३ | | ३ |
| ४ | करेन्ट लागेर | | २ | २ |
| ५ | खोलाले बगाएर | ६ | २ | ८ |
| ६ | विपद्बाट (बाढी, पहिरो र चट्याङ) | ६ | ४ | १० |
| ९ | पानीमा डुबेर | १८ | १ | १९ |
| १० | अरिङगालले टोकेर | १ | १ | २ |
| १४ | कुखुराको मासु खादा बिरामी भई | १ | | १ |
| १६ | पुलबाट खस्न गई | १ | | १ |
| १७ | रुखबाट खसी | १ | | १ |
| २० | आगलागीबाट | १ | १ | २ |
| २२ | ढुङ्गाले लागेर | | २ | २ |
| २५ | बम बिष्फोटबाट | | २ | २ |
| २९ | नदिले बगाई | १ | | १ |
| ३२ | झाडापखाला लागेर | १ | | १ |
| | जम्मा | ४० | १५ | ५५ |

श्रोत : प्रदेश प्रहरी कार्यालय, सुर्खेत

बालबालिकाहरु भविष्यप्रति चिन्तीत रहेको र विभिन्न कारणले गर्दा बालबालिकाहरुमा विभिन्न किसमका मनोसामाजिक समस्याहरु देखिएका छन् । जसको असरले गर्दा बालबालिकाहरु अकालमै आत्महत्या गर्ने दर पनि बढ्दो रहेको छ । आ.व. २०७९/०८० मा बालबालिकाहरुको आत्महत्या गर्ने संख्या उल्लेख्य रहेको छ । अभिभावक, घरपरिवारका सदस्यहरु र राज्य नै यस विषयमा विशेषपहलकदमी गर्न आवश्यक छ । आ.व.२०७९/०८० मा आत्महत्या गर्ने बालबालिकाको संख्या तल उल्लेख गरिएको छ ।

| सि.नं. | मृत्युको प्रकार | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | विष खाएर | | १ | १ |
| २ | झुण्डिएर | ११ | २३ | ३४ |
| | जम्मा | ११ | २४ | ३५ |

# सफलताका कथाहरू (Success Stories)

## बाल क्लवमा सक्रिय गौमाया



वर्ष १७ कि गौमाया अधिकारी वीरेन्द्रनगर १२ नेवारे सुर्खेतमा बसी छन् । सानै उमेर देखि बाल क्लवमा आवद्ध गौमाया अहिले प्रदेश स्तरीय बाल क्लव सञ्जाल कर्णाली प्रदेशको महासचिव छन् । सामान्य परिवारमा संघर्ष गरेर हुकिएकी गौमाया अहिले कक्षा ११ मा म्यानेजमेन्ट विषय लिएर अध्ययन गरिरहेकी छिन । उनी संग कुराकानी गरिरहँदा उनको आत्मविश्वास देखेर यस्तो लाग्थो कि कुनै संसद तथा मन्त्री संग कुराकानी गरिरहेका छौ । उनी आफनो समस्या मात्रै होईन अन्य बालबालिकाहरूको समस्या पनि खुलेर सरोकारवालासँग राख्न सक्ने भएकिछन् । बाल क्लवमा नै आवद्ध भएर यो सब कसरी सम्भव भयो त उनै गौमाया संग गरिएको कुराकानी प्रस्तुत गर्दछौ ।

मेरो नाम गौमाया अधिकारी हो म कर्णाली प्रदेश स्तरीय बाल क्लव सञ्जालको महासचिव, हामी अहिले वीरेन्द्रनगर १२, सुर्खेतमा बस्छौ, पहिलाको घर चाई जाजरकोट हो । बाल क्लवमा आवद्ध भएको ५ वर्ष जती भयो । पहिला म टोल तथा वडा बाल क्लवमा आवद्ध थिए, प्रदेशमा भएको करिव १ वर्ष जस्तो भयो ।

पहिला बाल क्लव भन्ने केहि पनि थाहा थिएन अलिअलि वोल्न मात्र जानेकि थिए समाज जागरण केन्द्र (स्याक) नेपालका सरहरूले तिमिले चाहेपछि गर्न सक्छौ भनेर प्रेरणा दिनु भयो । आफ्नो भविष्यका लागि मात्र नसोचेर परिवार समाजका लागि पनि बाल क्लवमा आवद्ध भए अनि घर परिवारको साथ सहयोग आज म महासचिव भएको छु ।

सुरु सुरुमा बाल क्लवमा जादा, कार्यक्रमहरूमा सहभागि हुदा, समाजमा छरछिकेकका व्यतिहरूले अब यस्ले पढाई विगार्ने भैई भन्नु हुन्थो, तर अहिले मेरो पढाई पहिलाको भन्दा झन राम्रो भएको छ । स्कुलमा कक्षा १० सम्म पढ्दा पनि सरहरूले मलाई राम्रो संग चिन्नु हुन्थेन भने अहिले, हेडसर लगायत अन्य सरहरू सवैले मलाई राम्रो संग चिन्नु हुन्छ स्कुलमा पनि सवैको प्रिय भएकी छु ।

मेरो परिवारको कुरा गर्दा वुवा, मम्मी, हामि ४ दिदिबहिनी र एक भाई गरी जम्मा ७ जनाको परिवार हो । आर्थिक अभावका कारण ठुल्दिदिको पढाई पुरा नहुँदै वैवाहिक जीवनमा बाँधिनु पऱ्यो । माईली दिदी व्याचलर पढ्दै हुनुहुन्छ । साईलिदिदी ११ मा पढनुहुन्छ । म १२ मा पढ्छु । भाई कक्षा ९ मा । हाम्रो घरको

मुख्य आम्दानीको स्रोत भनेको १०/१२ वटा बाखा पालेका छौं। बुवाले पढाईको महत्व बुझेर होला मजदुरी गरेर पनि हाम्रो पढाईलाई निरन्तरता गराई रहनु भएको छ।

हामी अलि कति पारिवारीक गफ अलि बढी केन्द्रीत भयौं, गौमायाको कुराले एकछिन भावुक पनि बनायो। बत्तीमुनी अध्यारो भने झैं जिवनका सप्तरंगि पलहरूमा कतै न कतै अध्यारो पाटो पनि हुन्छ भन्ने कुरा गौमायाको परिवारको कथामा पनि झल्कीएको छ। कतै खुसि र उमंग त कतै संघर्षै संघर्ष। हामी फेरी त्यो कलिलो अनुहारमा बाल क्लवले थपेको उत्साह तर्फ कुराकानीलाई केन्द्रीत बनायो।

गौमायाले रचना गरेको कविता "म को हुँ ?" उनले बाचन गरिन्।

**म को हुँ ?**

म त फोहोर मान्छे हुँ।
तिमी को हौ थाहा छैन मलाई
म त वातावरण प्रदुषण गर्ने मान्छे हुँ।
तिमी वातावरणलाई कस्तो बनाउछौं थाहा छैन मलाई।
म त तिमिलाई रोग ल्याईदिने मान्छे हुँ।
तिमीहरू त्यो रोग संग कसरी लड्छौ थाहा छैन मलाई।
म त फोहोर मान्छे हुँ
तिमी को हौ थाहा छैन मलाई.....
आउदै छु अब तिम्रो गाँउघरमै
सचेत हुन भन्दैछु सुनेन नभन्नु है।
मलाई त फोहोरको खाडि नै मन पर्छ।
तिमीहरूको जिवन थाहा छैन मलाई।
मेरो जिवन त फोहोर मै टर्छ।
सचेत हौ भनैको छु सचेत नभए फोहोर र रोगले मर्ने छु।
रोकन सक्छौ त रोक मलाई हात खडा गर्ने छु।
तिमी को हौ थाहा छैन मलाई
म त फोहोर मान्छे हु मार्ने छु सवैलाई
म त फोहोर मान्छे हु मार्ने छु सवैलाई ....

यो कविता हो। म कविले आफु फोहोर हो। मलाई जथाभावी नफाल्लनुहोस, मैले वातावरण प्रदुषण गर्दछु। मैले प्रकोप र रोगहरू ल्याउछु सचेत हुन भनै कै छु नत्र मार्छु सवैलाई। यसमा मैले सबैलाई सचेत हुन भनेको छु।

मैले गजल, कविता, उपन्यास, कथा, साहिरी निबन्धमा रुचि राख्छु। मैले उपन्यास लेख्ने तयारी गरिरहेको छु। यो सवै बाल क्लवको देन हो। आफ्नो प्रतिभा प्रस्फुटन गर्ने मैका मिलेको छ। समाजको बारेमा साहित्यको माध्यमबाट चेतना फालाउन सके भएको छु। यसरी समाजमा तथा साथिभाइहरूलाई बुझाउन पनि सजिलो हुने रहेछ।

अब हामीहरू जहाँ जहाँ बाल क्लव छैनन त्यहाँ बाल क्लव स्थापना गर्ने छौ । बालबालिकाका लागि बाल क्लव अन्यतै आवश्यक हुन्छ, बालबालिकाको समस्या समाधान गर्ने र उनीहरुले क्षमता अभिवृद्धि गर्ने थलो नै बाल क्लव हो । जहाँ वाट एक सक्षम, क्षमतावान, नेतृत्ववान व्यक्ति तयार हुन्छ । जस्ले भोलिको पुस्ता डाक्टर, पाईलट, ईन्जीनियर, व्यापारी, कर्मचारी, नेता, जेभएपनि राम्रो जनशक्ति तयार हुन्छ भन्ने हो । त्यसैले पनि बाल क्लव र बाल बालिकामा लगानि वढाउनु पर्छ र गाँउगाँउमा बाल क्लव हुनुपर्छ भन्ने हो ।

कर्णाली प्रदेश आफैमा विकट छ, यहाँका धेरै जसो बालबालिका राज्यको पहुँच भन्दा वा वाहिर छन, धेरै जसो गरिवीको रेखा मुनि छन कति टुहुरा छन् कति अपांगता भएका छन्, कति लैंगिक अल्पसंख्यकको रुपमा रहेका छन, सामन्य आधारभुत कुरा शिक्षा स्वास्थबाट पनि बन्चीत छन् त्यसता बालबालिकामा लगानी वढ्नु पर्छ भन्ने हो ।

यो वर्षको बाल दिवस २०८० को नारा पनि "बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी" भन्ने छ नारा जस्तै बालबालिकामा लगानी भयो भने, भोलि देश समृद हुनलाई कसैले रोक्न सक्दैन । किन भने यिनै बाल बालिका हुन भोलिको देश चलाउने कर्मचारी, नेता संसद मन्त्री प्रधानमन्त्री हुने हुन्छन् ।

यति मात्र हैन गौमायले बालबालिका र देशलाई समृद बनाउने धेरे कुरा गरिरहिन हामी सुनि रहयौ । लाग्थ्यो देश चलाउने चावि नै गौमायको हातमा राखिदिउ जस्तो । बुवालाई साचि राखेर कुराकानी गरिरहेकी गौमायाको जन्मदिने वुवासँग पनि थोरै कुराकानी गर्यौ ।

मेरो नाम भगवान प्रसाद जैसी हो । मेरो पनि सपना थियो सवै संग परिचित हुन र सामाजिक क्षेत्रमा काम गर्ने, मैले पारिवारीक अवस्थाका कारण त्यो पुरा गर्न सकिन र अहिले आएर कान्छी छोरीले त्यो सपना पुरा गर्छिन कि भनै लागेको छ । म धैरे खुसि छु । फुटेको आँखा नयाँ हालेको जस्तो अनुभूति भइरहेको छ । कान्छी छोरीका कारण स्कुलमा पनि सरहरूले सम्मान गर्नुहुन्छ । गौमायाको वुवा भन्दा गर्भको महशुस भएको छ ।

छोरिको कामले अत्यन्तै हौसिनु भएका बुबाको कुरा सुनिसकेपछि यो कसरी सम्भव भयो त भन्दा । कर्णालीमा बालबालिकाको क्षेत्रमा लामो समय देखि काम गरिरहेको ३१ वटा संस्थाहरू मिलेर बालबालिकाहरूका लागि साभा अभियान अर्थात् सि.सि.आर. कर्णाली स्थापना भएको रहेछ बालिकाहरूको सवालमा काम गरिरहेको थाहा पायौ ।

जे होस गौमायाको बाल क्लव यात्राले जिवनमा ठुलो सफलता मिलोस् मेरो हाम्रो शुभकामना ॥

**लेखक – अकवर खान**

# समाज सुधार्ने
# “अस्मिता” को सपना



हरेक व्यक्तिको आ-आफ्नै सपना हुन्छन् । सपना पुरा गर्न परिश्रम र मेहनतसँगै पेशाप्रतिको लगाव चाहिन्छ । सपना बोकेर लक्ष्य प्राप्तीका लागि संघर्ष गरिरहने मध्येकी एक हुन्, अस्मिता खड्का । गुराँस गाउँपालिका-८ धरमपोखरा निवासी अस्मिता उमेरले १४ वर्ष पुरा भईन् । स्थानीय मालिका माध्यामिक विद्यालय मकुटक्मा कक्षा ९ मा अध्यनरत अस्मिताको समाज सुधार्ने सपना छ । उनले यसलाई आफ्नो दायित्व र कतर्व्यसँगै जिम्मेवारीको रुपमा लिएकी छिन् । त्यहि जिम्मेवारी बोधले थिचेको छ उनलाई ।

कर्णालीमा ‘बाल अभियान्ता’ को परिचय बनाएकी अस्मिताको संघर्षको कथा लामो छ । सामान्य परिवारमा जन्मिएकी अस्मिताले यो स्थानसम्म आईपुग्न उत्तिकै मेहनत गरेकी छन् । ८ कक्षा पढ्दादेखि मालिका बाल क्लबको सदस्यबाट उनि समाज सुधार्ने अभियान जोडिएकी हुन् । स्कुलको बाल क्लबको सदस्य भएपछि उनि वडास्तरिय बाल सञ्जालको सदस्य भइन् । त्यसपछि पालिकास्तरिय बाल सञ्जालको कोषाध्यक्ष र कर्णाली प्रदेशस्तरिय बाल सजालको सदस्य । हाल वडा बाल सञ्जालको अध्यक्ष र विद्यालयमा गठित मालिका बाल क्लबको सचिवको भूमिकामा समेत छिन्, अस्मिता ।

सानै उमेरदेखि सिक्ने चाहाने स्वभावकी अस्मिताका लागि बाल क्लबहुँदै बाल सञ्जाल नै बाल अभियान्ता बन्ने खुड्कीलो बन्यो । ‘क्लबहरूमा आबद्ध हुनुअघि बोल्न पनि लाज लाग्थ्यो, हात खुट्टा थरथरी काँप्थे, कसैले केहि भनिहाल्ने पो होकी भन्ने डर लाग्थ्यो,’ अस्मिता भन्छिन् ‘अहिले त निर्धक्क भएर बोल्न सक्छु, बालबालिकाको अधिकारको सवालमा आफ्नो कुरा भन्न सक्छु ।’ वडा, पालिका, जिल्ला हुँदै प्रदेशस्तरका ठूला कार्यक्रममा सहभागि भएर बाल अधिकारको सवालमा बोल्ने गरेको उनि बताउँछिन् ।

बाल अभियान्ताको रुपमा अस्मिताले गरेको कामको फेहरिस्त लामो छ । समाजका हरेक विकृति र विसंगतीविरुद्ध अग्रपंतीमा उभिँदै आएकी अस्मिताको पहलमा बालविवाह रोकिएका छन् । ‘गाउँमा १७ वर्षिया बालिका र १९ वर्षिय बालकले बाल विवाह गरेको खवर पाएँ, वडाध्यक्ष र प्रहरीलाई गुहार्‍यौं, प्रहरी चौकीमा छलफलपछि बालविवाह राकियो, यो मेरो सफलता पनि हो, हामीले चलाएको अभियानले समाजमा थुप्रै बालविवाह रोकिएका छन् ।’ उनि भन्छिन् ।

जलवायू परिवर्तन रोक्न विद्यालयहरूमा वृक्षारोपण, गाउँटोल र बजार सरसफाई अभियानहरू उनकै नेतृत्वमा चल्ने गरेको छ । ‘हामीले केहि समयअघि बालविवाह न्यूनिकरणका लागि अभियान नै

चलायौँ, अभियानको नाम 'मेरो यात्रा' थियो,' अस्मिता भन्छिन् । अस्मिताको नेतृत्वमा रहेको वडा बाल सञ्जालले पलास्टिक मुक्त वडा घोषणा गर्ने निर्णय गरिसकेको छ। उक्त निर्णयलाई अब वडा बाल अधिकार समितिमा लगिनेछ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका बालबालिकालाई घरपरिवार र समाजमा गरिने घृणा, दुर्व्यवहारविरुद्धको अभियानलाई अस्मिताले नै नेतृत्व गर्ने गरेकी छन् । बाल सञ्जालमार्फत बाल अधिकारबारे माइकिङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकारबारे सडक नाटक प्रर्दशन जस्ता कार्यक्रम हुने गरेको उनको भनाई छ। कोभिड-१९ को महामारीको समयमा घरघरमा आचारसंहिता निर्माण गरेर टाँस्ने अभियानमा समेत अस्मिताले नै अगुवाई गरेकी थिइन् ।

गुराँस गाउँपालिका-८लाई बालमैत्री वडा घोषणा गरिएको छ। बालमैत्री वडा घोषणा गर्नका लागि चलाईएका अभियानमा उनले सक्रिय भूमिका निर्वाह गरिन् । 'बालमैत्री वडा घोषणाका लागि ५१ वटा सूचकहरू पुरा गर्नुपर्ने रहेछ, जनप्रतिनीधि, संघसंस्था र हामी बाल क्लबहरूको अगुवाईमा त्यो सम्भव भयो,' उनले भनिन् । उनको अगुवाईमा मालिका मावीमा बालमैत्री घारा निर्माण, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय व्यवस्थापन, सेनेटरी प्याड व्यवस्थापन स्थल निर्माण भएका छन् । विद्यालयमा घेरबारका लागि पहल गरिरहेको उनि बताउँछिन् ।

उनलाई सेभ द चिल्ड्रेन, बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश CCR -Karnali लगाएतका सामाजिक संघसंस्थाले सहयोग गर्दै आएका छन् । यी संघसंस्थाबाट उनले थुप्रै तालिमहरू पाएकी छन्। जलवायू परिवर्तन, बाल सहभागिता, जीवनोपयोगी सिप, बाल अधिकार, क्षमता विकास, भित्ते पत्रिका प्रकाशन लगाएतका तालिमहरू पाएको उनले बताइन्। 'मैले अहिलेसम्म पाएका र सहभागि भएका सबै तालिमबाट केहि न केहि कुरा सिक्न पाएकी छु, जसले मेरो समाज सुधार्ने सपना र अभियानलाई सहयोग पुऱ्याएको छ,' अस्मिता भन्छिन् । सिसिआर कर्णालीले प्रदेशस्तरका ठूला कार्यक्रममा सहभागि गराएर आफ्नो सिप र क्षमता विकासमा ठूलो सहयोग पुऱ्याएको उनको भनाई छ ।

बाल अभियान्ताको रुपमा उनलाई सेभ द चिल्ड्रेनले स्मार्ट फोन (ट्यावलेट) उपलब्ध गराएको छ। अस्मिताको सक्रियता र लगनशिलताकै कारण बालविवाह विरुद्धको अभियान सञ्चालन गर्न मोबाइल ट्यावलेट उपलब्ध प्राप्त गरेकी हुन् । ट्यावलेटमा जनचेतनामुलक सामग्रीहरू छन् । तीनै भिडियोहरू साथीहरूलाई देखाउदै बालविवाहबाट हुने शारीरिक तथा मानसिक असर र बालविवाह गरेमा भोग्नु पर्ने कानूनी सजायको बारेमा छलफल चलाउँछिन् । 'विद्यालयमा खाली समय, बिदाको दिनमा ट्यावलेटमार्फत बाल क्लब, बाल सञ्जालका अन्य साथीहरूलाई चेतनामुलक भीडियो सामग्रीहरू देखाउँछु, उहाँहरूलाई सिकाउँछु,' उनि भन्छिन् 'ट्यावलेटले साथीहरूलाई सिकाउन, आफुले नजानेका कुराहरू गुगल गरेर सिक्न र भर्चुअल बैठकहरूमा सहभागि हुन सहज भएको छ ।'

समाज सुधारको पहल गरिरहँदा, अभियान चलाउँदा कयौँले उनलाई 'कत्ति जान्ने पल्टिएकी' भनेर गाली गर्थे । कुरा काट्थे । तर उनि कत्तिपनि विचलित भइनन् । 'कुनै बेला मेरो कुरा काट्नेहरू, गाली गर्नेहरू अहिले स्यावास भन्ने भएका छन्, घरपरिवार, समाज, विद्यालयका शिक्षक, जनप्रतिनीधि सबैले सहयोग गर्नुभएको छ, सल्लाह दिनुहुन्छ,' उनले भनिन् ।

बाल अभियान्ता अस्मिताप्रति समाजले हेर्ने दृष्टिकोण बदलिएको छ । 'पहिला गलत भन्नेहरूबाटै स्यावासी पाउँदा असाध्यै खुसी लाग्छ, आफुले गरेका कामहरूले समाजमा देखिएको परिवर्तनले आफैलाई

खुसी दिएको छ,' उनि भन्छिन् 'डाक्टर बन्छु, पाइलट बन्छु भन्ने त्यस्तो ठूलो सपना केहि छैन्, अहिले पनि समाजमा कुप्रथा, कुसंस्कार, विकृति विसंगती कायमै छन्, यी नै समस्याहरूलाई अन्त्य गरी सभ्य समाज निर्माण गर्नु मेरो सपना हो ।' बाल अधिकारका लागि काम गर्ने उनको भनाई छ ।

अस्मिताको सक्रियता र कामप्रति उनका अभिभावक पनि खुसी छन् । 'मैले गरिरहेको काम देखेर बुबाआमा पनि खुसी हुनुहुन्छ, उहाँहरूले सहयोग गरिरहनुभएको छ, मैले गरिरहेको काममा थप हौसला दिनुहुन्छ,' उनले भनिन् । नेपाली सेनामा जागिरे रहेका अस्मिताका बुबा निलकमल खड्का रिटायर्ड भईसकेका छन् । आमा यामकुमारी खड्का घरायसी काममा व्यस्त हुन्छिन् । उनका भाई पृथ्वी खड्का







# मिडिया कभरेज
# Media Coverage

## प्रअ नदिएको रिसमा पठनपाठन बन्द

**कमल शर्मा**
*दैलेख, जेठ ६ गते*

आफूलाई प्रधानाध्यापक नबनाएको भन्दै विद्यालयका शिक्षकहरूले पठनपाठन बन्द गरेका छन्। यहाँको महाबु गाउँपालिका–३, बासीमा रहेको मालिका माध्यमिक विद्यालयका शिक्षक हरिप्रसाद शर्मालगायतका आठ जना शिक्षकले गत वैशाख ३१ गतेदेखि विद्यालयको पठनपाठन बन्द गरेका छन्।

विद्यालय व्यवस्थापन समितिले विद्यालयका माध्यमिक तह (राहत) शिक्षक मनबहादुर बुढालाई गत माघ १४ गते प्रधानाध्यापक बनाउने निर्णय गरेको थियो। सो निर्णयसहितको पत्र गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पठाए पनि पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले निम्न माध्यमिक तहका स्थायी शिक्षकलाई प्रअ बनाई कामकाज गर्न पत्राचार गरेपछि विवाद सिर्जना भएको हो।

सो विद्यालयका नवनियुक्त प्रधानाध्यापक मनबहादुर बुढाले समितिले विद्यालयमा अनावश्यक राजनीति गरेका कारण समस्या सिर्जना भएको बताउनुभयो। प्रअ नियुक्तिको माग गर्दै आएका शर्मा भने मावि तहको अस्थायी शिक्षक हुन्।

उहाँले विद्यालयको प्रअका लागि उच्च अदालत सुर्खेतमा उजुरी दिएको भए पनि माध्यमिक तहको शिक्षकको व्यवस्था गरी प्रअ नियुक्त गर्नु भन्ने आदेश गरेको तर विद्यालयले निम्न माध्यमिक तहका शिक्षक हरिप्रसाद शर्मालाई नै प्रधानाध्यापक बनाउनु भनेर विद्यालय व्यवस्थापन समितिलाई पत्र पठाएपछि समस्या भएको बताउनुभयो।

उहाँले आफूलाई प्रअ बनाउनु पर्ने माग राखेर पठनपाठन बन्द गराएका आठ जना शिक्षकमध्ये तीन जना काममा फर्किएको र पाँच जना विद्यालयमा नआएको जानकारी दिनुभयो।

उहाँहरूले विद्यालयको वरिपरि घुम्ने, पालिकामा गएर हाजिर गर्छौं भनेर थर्काउने गरेको बताइएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्र दहालले विद्यालय व्यवस्थापन समितिले गरेको निर्णयलाई चुनौती दिँदै पालिकाले निम्न माध्यमिक तहका शिक्षकलाई प्रधानाध्यापक नियुक्त गर्नु भनी पत्र लेखेपछि समस्या बढेको बताउनुभयो।

उहाँले माध्यमिक तहमा स्थायी शिक्षकको दरबन्दी नभएका कारण राहत दरबन्दीमा रहेका शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी दिएको दाबी गर्नुभयो। महाबु गाउँपालिकाका कार्यवाहक अध्यक्ष एवम् गाउँ शिक्षा समितिका अध्यक्ष मन्जुकुमारी शर्मा पाण्डेले प्रअ नियुक्तिमा लामो समयदेखि विवाद भइरहेको र त्यसको समाधानका लागि गाउँपालिकाले छिटटै निर्णय गर्ने जानकारी दिनभयो।

जिल्ला प्रशासन कार्यालयमा भएको सहमति बमोजिम गाउँ शिक्षा समितिले निर्णय गरेर प्रधानाध्यापक तोक्ने पनि उहाँले बताउनुभयो। महाबु गाउँपालिकाभरि दुई वटा मात्र माध्यमिक तहको शिक्षक दरबन्दी रहेको बताउँदै उहाँले तत्काल माध्यमिक तहको शिक्षक पठाउन नसकिने उल्लेख गर्नभयो।



*तस्बिर : प्रेमराज सिम्खडा*

**हेर्नेमाढु आधारभूत विद्यालयमा निर्माण भएका बालमैत्री धारामा पानी पिउँदै विद्यार्थी।**

## विद्यालयमा बालमैत्री धारा

**कालीकोट समाचारदाता**
*कालीकोट, जेठ ६ गते*

तिलागुफा नगरपालिकामा रहेका धेरैजसो सामुदायिक विद्यालयमा बालमैत्री धारा निर्माण गरिएका छन्। विद्यार्थीलाई पानी पिउन सहज होस् भनेर विद्यालय हातामा बालमैत्री धारा निर्माण गरिएका हुन्। विद्यार्थीको उमेर र उचाइलाई ध्यानमा राखेर विभिन्न आकारका धारा निर्माण भएपछि विद्यार्थीलाई पानी पिउन सहज भएको हेर्नेमाढु आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल चँदाराले बताउनुभयो।

किर्डाक नेपाल नामक गैरसरकारी संस्थाले तिलागुफा नगरपालिकाभित्रका २२ वटा सामुदायिक विद्यालयमा खानेपानी र शौचालय निर्माणमा सहयोग गरेको छ। किर्डाका परियोजना संयोजक कृपराज जैसीले करिब ५५ लाख रुपियाँ बजेट खर्च गरेर २२ सामुदायिक विद्यालयमा बालमैत्री धारा निर्माण गरिएको बताउनुभयो। उहाँका अनुसार, कालीका माध्यमिक विद्यालय राँचुली, हेर्नेमाढु आधारभूत विद्यालय ओखरभिटा, कलाश आधारभूत विद्यालय छाप्रे, सत्यदेव आधारभूत विद्यालय जुबिथालगायतका २२ विद्यालयमा बालमैत्री धारासहितको पिउने पानी र शौचालय निर्माण भएका छन्।

कालीका माध्यमिक विद्यालय राँचुलीका प्रधानाध्यापक खगेन्द्रबहादुर शाहीले सहयोगी निकायको निश्चित समयको कार्यक्रम भएकाले सकिने बित्तिकै विद्यालयका कक्षाकोठा व्यवस्थापनमा समस्या उत्पन्न हुने बताउनुभयो।

## आफूमाथि असर पर्ने विकृति अन्त्य गर्न प्रदेश सरकारलाई बालबालिकाको आग्रह



आफूमाथि प्रत्यक्ष असर पार्ने विकृति अन्त्य गर्न बालबालिकाहरूले कर्णाली प्रदेश सरकारलाई आग्रह गरेका छन्।

लागुपदार्थ ओसारपसार तथा सेवनको बिगबिगी, घरेलु हिंसा, बालबालिकामाथि हुने हिंसा रोक्न, बालविवाह जस्ता विकृति अन्त्यका लागि पहल गर्न बालबालिकाहरूले कर्णाली प्रदेश सरकारलाई आग्रह गरेका हुन्।

## कर्णालीका बालबालिकाको मुख्यमन्त्री शर्मालाई प्रश्न: गुणस्तरीय शिक्षा कहिले पाउँछौं ?



**सुर्खेत –** कर्णाली प्रदेशका बालबालिकाले मुख्यमन्त्री राजकुमार शर्मासंग गुणस्तरीय शिक्षा कहिले पाउँछौं भन्दै प्रश्न गरेका छन। शुक्रबार वीरेन्द्र आयोजित ५९औं राष्ट्रिय बाल दिवसका सन्दर्भमा आयोजित कार्यक्रममा सहभागी बालबालिकाहरुले गुणस्तरीय शिक्षा पाउनबाट बञ्चित गरिएको भन्दै प्रदेशका मुख्यमन्त्री शर्मालाई प्रश्न गरेका हुन्।

बालबालिकाका प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री शर्माले गुणस्तरीय शिक्षा लगायत बालबालिकाका सवालमा आफू गम्भिर रहेको बताउनुभयो। उहाँले बालबालिका राष्ट्रका भविष्य रहेको बताउदै समृद्ध राष्ट्र बनाउने की गरीब राष्ट्र बनाउने भन्नेकुराको निर्धारण शिक्षामा गरिएको लगानीले गर्ने कुरामा आफू स्पष्ट रहेको जिकिर गर्नुभयो। कर्णाली पछि पारिएको हुदा म्याराथन दौडमा रहेको र त्यसका लागि सबैलाई संगै लियर जान आफु चाँजोपाँजोमा लागिरहेको उहाँले बताउनु भयो।

यस्तै, सामाजिक विकास मन्त्री खड्क बहादुर पोखरेलले कार्यक्रममा बोल्दै सरकार बालबालिकाको सवालमा सधै जिम्मेवार रहेको भन्दै बालबालिकाका माग र आवश्यक्ता प्रति सरकार संम्बेदनशिल रहेको बताउनु भयो। कार्यक्रममा कर्णालीमा बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाहरुका प्रतिनिधी, १० जिल्लाका बाल अधिकारकर्मी तथा बालबालिकाहरुको सहभागिता रहेको थियो।

## खाँडाचक्र नगरपालिकाले छोरी शिक्षा कार्यक्रम लागु गर्ने

अनलाईन न्युज खबर  प्रकाशित मिति  ३ महिना अगाडि






कालिकोट – जिल्लाको खाँडाचक्र नगरपालिका वडा नं १ ले छोरी शिक्षा कार्यक्रम लागु गर्ने भएको छ। बुधवार बालविवाह बिरुद्ध साझा अभियान कालिकोटको आयोजना र खाँडाचक्र नगरपालिको समन्वयमा योजना प्रकृया समन्वयात्मक बैठकमा वडा नं १ का वडा अध्यक्ष धर्मराज ताम्राकारले यस्तो बताउनु भएको हो।

बढ्दो बालविवाहलाई अन्त्य गर्ने, समाजमा हुने लैगिक हिंसालाई अन्त्य गर्ने,छोरी आत्म निर्भर बनाउने उश्यले कार्यक्रम लागु गर्ने बताउदै उमेर पुगी विवाह गर्ने दलित समुदायका युवतिहरुलाई नगद १० हजार सहित सम्मान गर्ने कार्यक्रम रहेको वडा अध्यक्ष ताम्राकारले जानकारी दिनु भयो

बालविवाह बिरुद्ध साझा अभियान कालिकोटका संयोजक खडानन्द अधिकारीको अध्यक्षता ,खाँडाचक्र नगरपालिकाका नगर प्रमुख कमल बहादुर शाहीको प्रमुख आथित्यता तथा नगर उप प्रमुख गणेश बहादुर शाहीको बिषेश आथित्यतामा भएको कार्यक्रममा आफ्नो भनाई राख्दै खाँडाचक्र नगरपालिकाका नगर प्रमुख कमल बहादुर शाहीले



# घरमा चामल सकिएपछि कारागारमा आमाबुवासँग माग्न पुगेका दिदीभाइ

ULTIMATE PROTECTION AGAINST HARMFUL RAYS
truederma
सगरमाथा सिमेन्ट

जगतदल जनाला विक ⏲ ११ हप्ता अघि



सुर्खेत : बराहताल गाउँपालिका-५ बड्डीचौर सालघारीकी कल्पना विक गाउँकै जनज्योति माध्यमिक विद्यालयमा कक्षा ८ मा पढ्छिन्।

उनका एक दिदी, एक बहिनी एक भाइ छन्। उमेरले मात्र १४ वर्ष भए पनि उनीमाथि जिम्मेवारी धेरै छ।

https://www.onlinekhabar.com/2023/06/1326687?fbclid=IwAR2R45kFgH3cHE68G4Z0PHw9yXmC3ySn...

समाचार विजनेस जीवनशैली मनोरञ्जन विचार प्रवास खेलकुद अन्य

# १५ देखि १९ वर्षका १४ प्रतिशत किशोरी गर्भवती !

८ असार, काठमाडौं। नेपालमा किशोरीवस्थाको प्रजनन दर उच्च रहेको पाइएको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार १५ देखि १९ वर्ष उमेर समूहका १४ प्रतिशत किशोरीहरू गर्भवती हुने गरेका छन्।

यो उमेर समूहका १० प्रतिशतले बच्चा जन्माउने गरेको र २ प्रतिशतको गर्भपतन हुने गरेको पनि प्रतिवेदनमा उल्लेख छ।

# कर्णालीका मुख्यमन्त्रीसँग बालबालिकाको प्रश्न : गुणस्तरीय शिक्षा खोइ ?

पंखबहादुर शाही | शुक्रबार, २१ भदौ २०८० | 99 Shares



पंखबहादुर शाही
शुक्रबार, २१ भदौ २०८०
संग्रह

सुर्खेत । कर्णालीमा मुख्यमन्त्री र बालबालिकाबीच प्रश्नोत्तर गरेर बाल दिवस मनाइएको छ । यद्यपि कर्णालीका मुख्यमन्त्री राजकुमार शर्मा भने कार्यक्रममा सहभागी हुन सकेनन् । विशेष कारणवस काठमाडौं जानु परेकाले उनले भर्चुअल माध्यमबाट बालबालिकाले राखेका प्रश्नको जवाफ दिए ।

# बाल बचाउमा अधिक बजेट

प्रदेश, कर्णाली




गोरखापत्र अनलाइन | ९ भदौ २०८०, शनिबार | ३ हप्ता पहिले

शेयर गर्नुहोस: | फन्ट परिवर्तन गर्नुहोस: अ अ अ

सुर्खेत समाचारदाता

सुर्खेत, भदौ ९ गते । कर्णाली प्रदेशमा बालकेन्द्रित बजेटमध्ये सबैभन्दा धेरै बाल बचाउको क्षेत्रमा विनियोजन गरिएको पाइएको छ । कर्णाली प्रदेश अन्तर्गत सामाजिक विकास मन्त्रालयले बालबालिकाको क्षेत्रमा बजेट विनियोजन गर्दा नीतिगत क्षेत्रमा भन्दा बाल बचाउ क्षेत्रमा धेरै बजेट विनियोजन गरेको पाइएको हो । आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० मा सामाजिक विकास मन्त्रालयले बाल बचाउमा सबैभन्दा धेरै ८०

# सल्यानलाई ६ बर्षभित्रमा बालविवाह मुक्त जिल्ला बनाउने प्रतिबद्धता

बालविवाह न्युनिकरणका लागि १४ बुँदे प्रतिबद्धता

बुद्धि पुन | 222 Shares

प्रकाशित मिति : १७ श्रावण २०८०, बुधबार



*सल्यान, १७ साउन ।*

अबको ६ बर्षभित्रमा सल्यानलाई बालविवाह मुक्त जिल्ला घोषणा गरिने भएको छ । कानूनले बालविवाहलाई गैरकानूनी माने पनि गाउँ–समाजमा यसले निरन्तरता पाइरहँदा बालबालिकाको पढ्ने अधिकार मात्र खुम्चिएको नभई विभिन्न शारीरिक, मानसिक, मनोवैज्ञानिक र सामाजिक समस्याका कारण उनीहरूको जीवन नै बर्बाद भइरहेकोले अबको ६ बर्षभित्रमा नै जिल्लालाई बालविवाह मुक्त जिल्ला घोषणा गर्ने प्रतिवद्धता जनाइएको हो ।

सल्यान जिल्लालाई बालविवाह रहित बनाउनका लागि तीनै तहका सरकार, नागरिक समाज, पत्रकार र निजि क्षेत्रको लगाएतकाले १४ बुदें साझा प्रतिबद्धता जनाएका छन् । कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आयोजना र विभिन्न निकायको साझेदारीमा सल्यानको खलंगामा आयोजित बालविवाह अन्त्यका लागि प्रादेशिक रणनिति योजनामाथि सुझाव संकलन तथा परामर्श गोष्ठीमा सल्यान जिल्लालाई वि.सं. २०८६ सम्म बालविवाह मुक्त बनाउने गरि १४ बुँदे प्रतिवद्धता जनाइएको हो ।

जसमा बालविवाह प्रति सचेत रहने र बालविवाह स्वीकार्य नगर्ने, बालअधिकारको सम्मान गर्दै बालबालिकाको उज्वल भविष्यको लागि पहल गर्ने, सल्यान जिल्लामा बालबालिकाको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, संरक्षण र विकासको लागि प्राथमिकता दिई बालविवाहको अवस्था विश्लेषण, पालिकाको रणनीतिक योजना निर्माण, नीति तथा कार्यक्रम निर्माण, उचित बजेट विनियोजनका साथै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने प्रतिवद्धता जनाइएको छ ।

'नेपाल सरकारको सन् २०३० सम्म नेपाललाई बालविवाह मुक्त गराउने लक्ष्यलाई पूर्णता दिन सल्यान जिल्लामा व्यापक रुपमा बालविवाह विरुद्धका सचेतनामुलक, वकालत, प्रतिकार्यका कृयाकलापहरु समन्वय र सहकार्यमा कार्यक्रमहरु संचालन गर्ने, जोखिममा रहेका बालबालिकाको लागि बाल कोषको स्थापना र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने छौं' १४ बुँदे प्रतिवद्धतामा उल्लेख गरिएको छ ।

भर्खरै प्रकाशित

- कपुरकोटका बिद्यालयमा 'पाहुना शिक्षक' : बिद्यार्थीलाई बिभिन्न क्षेत्रको ज्ञान प्राप्त हुने
- जीर्ण शौचालयले बिद्यार्थीलाई सास्ती : छैन् सरसफाई !
- एमाले पार्टी होइन, ओली गुट होः महासचिव भुसाल
- सडक आश्रित एक पुरुषलाई इन्सेकको पहलमा उद्धार
- नेपाली सेनाका ६६ सैन्यहरु सिपाही दर्जामा प्रवेश
- 'सायद बाँच्नु लेखेको रहिछ : आत्महत्याको मुखबाट उम्कन सफल भए'
- मानसिक स्वास्थ्य समस्यालाई रोक्न सचेतिकरणका कार्यक्रम सञ्चालन गर्छौं : मन्त्री पोख्रेल
- दुना-टपरी बुन्न सिक्दै विद्यार्थी


# नेपाल सरकारका अधिकृत तथा लेखक राम एकवाल दासलाई कारबाहीको माग


291 Shares




सुर्खेत । नेपाल सरकारका अधिकृत तथा लेखक राम एकवाल दासलाई कर्णालीका विभिन्न राजनितिक दल सम्बद्ध महिला संगठन तथा अभियान्ता र संस्थाहरुले कारबाहीको माग गरेका छन् । आज जिल्ला प्रशासन कार्यालय सुर्खेतमार्फत कारबाहिको माग गरिएको हो ।

दासले विद्या विकास पब्लिकेशन प्रा.लीबाट प्रकाशन गरेको नेपाल वन सेवा दिग्दर्शन गमस्काउट, वनरक्षक सफलताको साथी पुस्कतको पेज नं १४३ को नमुना प्रश्न नं १८ मा केटीलाई भालु किन भनिएको होला ? भन्ने प्रश्नमा पोथी भालु जस्तो व्यवहार भएर, पोथी भालुले एक पल्टमा धेरै भालेसंग संसर्ग गर्ने भएर, पोथी भालु बहुपती गामी हुन्छ र माथीका सबै भन्ने विकल्प राखि आम महिलाहरुलाई अममान गरेको भन्दै उनलाई कारबाहीको माग गरिएको हो ।



## हाम्रा प्रकाशनहरू :



"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"
कर्णाली प्रदेश सरकार
आर्थिक वर्ष २०८०/०८१ को
बार्षिक विकास कार्यक्रममा समावेश गरिएका बालबालिका लक्षित कार्यक्रमहरू
Sweden
Sverige
Save the Children
CCR-Karnali
Collective Campaign for Child Rights




बालमैत्री प्रकाशन
बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को
उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११
बारे जानकारी
बालबालिका, किशोरकिशोरी तथा बालक्लब/बालसमूहका सदस्यहरूलाई
उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेखबारे जानकारी दिने
उद्देश्यले बनाइएको बालमैत्री प्रकाशन
पत्र मञ्जुषा
Save the Children
EUROPEAN UNION




बालबालिकाहरुको क्षेत्रमा कार्यरत
कर्णाली प्रदेश स्तरिय नागरिक समाज सञ्जालहरुको
पार्श्वचित्र २०८०
Formal
Network
Informal
CSO
Group
Campaign
Mechanism
CCR-Karnali
Collective Campaign for Child Rights
बालअधिकारका लागि साझा अभियान
कर्णाली प्रदेश

**खण्ड : ज**

# सरोकारवालाहरूको भनाई
# Bites of Stakeholders

भविष्यका कर्णधार मानेका र वर्तमानका साझेदारको रुपमा रहेको वर्ग बालबालिकाहरू नेपालको अन्य प्रदेशको तुलनामा हाम्रो कर्णाली प्रदेशममा विभिन्न पक्षबाट पछाडी परेका छन् । बालबालिकाहरूको सर्वोतम् हितलाई ध्यानमा राखी सरकार तथा हामी सरोकारवालाहरूलाई कर्तव्यबोध बनाउन नागरिक समाज सञ्जालको रुपमा रहेको बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश एक अग्रणी संस्थाको रुपमा स्थापित होस् शुभकामना दिन चाहान्छु ।

**मीना तिवारी, अध्यक्ष, समाज जागरण केन्द्र स्याक नेपाल सुर्खेत**



बालबालिकाका अधिकारहरू जो नेपालको संविधान, बालबालिका सम्बन्धि ऐन २०७५, नियमावली २०७८ लगायत राज्यले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बालबालिकाको क्षेत्रमा गरेको प्रतिबद्धताको कार्यन्वयनका लागि राज्य नै सक्रिय र सशक्त हुनुपर्दछ । नागरिकको हक अधिकारको बारेमा जनचेतना जगाउने, सफल कार्यन्वयन गर्ने दायित्व राज्यको हो भने नागरिक समाज संस्थाहरूले राज्यलाई ऐन कानून निर्माण र कार्यान्वयनमा आवश्यक परेको खण्डमा साझेदारी र खवरदारी दुवै गर्ने भुमिका नागरिक समाजको हुने गर्दछ । बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश स्थापित होस् । मेरो शुभकामना छ ।

**मान बहादुर कार्की, अनुसन्धान अधिकृत, राष्ट्रिय मानवअधिकार आयोग, सुर्खेत**



स्थानीय सरकारको क्षेत्रअधिकार भित्र पर्ने आन्तरिक श्रोत व्यवस्थापन गरि आन्तरिक श्रोतको कम्तीमा २० प्रतिशत बालबालिकाको क्षेत्र लगानी गरी बाल केन्द्रीत स्थानिय शासन कार्यान्वयनमा योगदान दिन हाम्रो पालिका तयार छ । आवश्यक विधि र प्रकृयाई पुऱ्याई नगर स्तरिय बाल क्लव सञ्जाल मार्फत साझेदारीका कार्यक्रमहरू संचालन गरिनेछ । नगर स्तरिय बाल अधिकार समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

**उपप्रमुख, छेडागाड नगरपालिका, जाजरकोट**



बालविवाह र अन्य कारणले समाजमा हुने विभिन्न विकृती र विसंगतीलाई अन्त्य गर्न गुराँस गाउँपालिका ८ नं. वडा कार्यालयले विवाह गर्नुपुर्व दुवै पक्षले वडा पालिकाको सिफारिस पत्र अनिवार्य गरेको छ । यसले बालविवाह लगायत घरेलु हिंसा, बहुविवाह, मातृ तथा शिशु मृत्युदरमा कमी हुने वडा पालिकाले विश्वास लिएको छ ।

**दिपेन्द्र ओली, ८ नं. वडा अध्यक्ष, गुराँस गाउँपालिका, दैलेख**




कर्णाली प्रदेशमा बालअधिकारको लागि प्रदेश सरकार र सरोकारवालाहरू संगको समन्वय तथा समुदाय स्तरमा हुने बालबालिकाहरूको सवालहरू माथी नजिकको अनुभव संगालेको र बाल अधिकारको संरक्षण र प्रर्वद्धनमा कर्णाली प्रदेशको सशक्त निकायको रुपमा बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश देखिएको छ । आउने दिनमा विशेष संरक्षणको आवश्यक्ता भएका लगायत सबै बालबालिकाको हक अधिकारको लागि सबै पक्षसंग समन्वय, सहकार्यको वातावरण सिर्जना भई कर्णाली प्रदेशका बालबालिकाको जिवनमा सकारात्मक परिर्वतन देखियोस मेरो शुभकामना छ ।

**अनिता ज्ञवाली, प्रमुख, महिला बालबालिका तथा जेष्ठ नागरिक महाशाखा**
**सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत**



जुन देशमा नागरिक समाज संस्थाहरु सक्रिय हुन्छन् त्यस देशमा लोकतन्त्र र मानवअधिकार सुरक्षित हुन्छ । यस भनाईलाई समेत आत्मसाथ गर्ने हो भने, नागरिक समाज सञ्जालको भुमिका आवश्यक पर्दा राज्यलाई सहयोग गर्ने, साझेदारी गर्ने र खबरदारी गरी नागरिकप्रति जवाफदेही बनाउन नागरिक समाज क्रियाशिल हुनुपर्दछ । कर्णाली प्रदेशमा स्थापित भई बालअधिकारको क्षेत्रमा सशक्त रुपमा क्रियाशिल बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशको दोस्रो बार्षिक उत्सव तथा साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

**रत्नराज ओझा, हेड अफ फिल्ड प्रोग्राम अप्रेशन**
**सेभ द चिल्ड्रेन, सुर्खेत**



बालअधिकारको महत्वपुर्ण पक्षको रुपमा रहेको बाल सहभागिताको अधिकारका लागि कर्णाली प्रदेश बाल क्लव सञ्जाल स्थापना, क्षमता विकास र सचिवालयको व्यवस्थापनमा अतुलनीय योगदान पुऱ्याउने बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशको दोस्रो बार्षिक साधारण सभाको पुर्वसन्ध्यामा सफल्ताको शुभकामना व्यक्त गर्दछु । साथै आउने दिनमा बालक्लव तथा बाल क्लब सञ्जाल गठनमा यस संस्थाले थप पहलकदमी लागोस् बालसहभागीता अभियानलाई सहयोग पुऱ्याउनुहोस् भन्ने आशा व्यक्त गर्दछु ।

**मधु थापा, अध्यक्ष, कर्णाली प्रदेश बाल क्लव सञ्जाल**



**नोट:**

CCR-Karnali
Collective Campaign for Child Rights

CCR-Karnali
Collective Campaign for Child Rights

CCR-Karnali
Collective Campaign for Child Rights

CCR-Karnali
Collective Campaign for Child Rights

CCR-Karnali
Collective Campaign for Child Rights



प्रथम साधारण सभाबाट निर्वाचित कार्य समिति




पूर्व बाल क्लव सदस्यहरुको बैठक पश्चातको तस्विर




कर्णाली प्रदेश बाल क्लव सञ्जालका पदाधिकारीहरुसँग कर्णाली प्रदेशका मुख्यमन्त्री राज कुमार शर्मा

# यहाँहरूको कुनै जिज्ञासा, गुनासो, सल्लाह सुझाव वा प्रशंसा भएमा

**CCR-Karnali को पैसा नलाग्ने**

टोल फ्रि नम्बर: १८१०-५०-००००४

फोन नम्बर: ०८३-५९०८०४

इमेल: ccrkarnali@gmail.com

**सेभ द चिल्ड्रेनको पैसा नलाग्ने**

टोल फ्रि नम्बर: १६६०-०१-५७५७७

फोन नम्बर: ९८०१५७५०३१

इमेल: nepal.cfm@savethechildren.org

## फोन गर्ने समय

**बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म**

**आइतबारदेखि शुक्रबारसम्म**

## कार्यालय जाने नक्सा

